# कार्यक्रम सम्पन्न प्रतिवेदन

## लैंगिकहिंसा विरुद्ध अग्रपङ्तिमा रहेर कार्य गर्ने संघ/सँस्था तथा समूहहरुको क्षमता अभिबृद्धि कार्यक्रम

**तयार गर्नेः नुषराज श्रेष्ठ-परियोजना विज्ञ**

**२०८२/०३/२१-२२**

### १. परीचय (General Information)

| | |
|---|---|
| **कार्यक्रम शीर्षक** | लैंगिक हिंसा विरुद्ध अग्रपङ्तिमा रहेर कार्य गर्ने संघ/सँस्था तथा समूहहरुको क्षमता अभिबृद्धि कार्यक्रम |
| **मिति** | २०८२ साल असार २१ र २२ गते |
| **स्थान** | धनकुटा नगरपालिकाको सभाहल, धनपा ५, धनकुटा |
| **आयोजक** | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना, PIU, धनकुटा नगरपालिका |
| **सहजकर्ता** | प्रज्ञा बराल/निरौला, दशरथ राई, डा.सिमांकन पोखेल, नुषराज श्रेष्ट, उमेश अधिकारी |
| **साझेदारी (भएमा)** | नभएको |
| **कार्यक्रमको प्रकार** (तालिम,अभीमुखीकरण, कार्यशाला, परामर्श) | तालिम कार्यक्रम |

### २. कार्यक्रमको उदेस्य/एजेण्डा (Event Objective/Agenda)

- धनकुटा नगरपालिका क्षेत्रमा संचालन भईरहेको लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनाको अभीमुखीकरण गर्ने र लैङ्गिक हिंसा सम्बन्धी विषय बस्तु प्रतिको बुझाई, ज्ञान, सीप, धारणामा बढोत्तरी गरी क्षमता अभिबृद्धि गर्नु नै यस तालिमको मुख्य उद्धेस्य रहेको थियो ।
- लैंगिक हिंसा अन्त्यका लागी रचनात्मक र सकरात्मक भुमिका निर्वाह गरि समाज परिवर्तनका संवाहक बन्न सक्ने मानव स्रोतको बृद्धि गर्ने ।
- दुई दिनसम्म आयोजना गरिएको यस क्षमता विकास कार्यक्रममा छलफल गरिएका विषय बस्तु समेटिएको कार्यतालिका अनुसुची ६.१ मा दिईएको छ ।

## ३. कार्यक्रममा सहभागीहरुको विवरण (Participants Information)

धनकुटा नगरपालिका क्षेत्रमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका क्षेत्रमा अग्रपङ्तिमा रहेर कार्य गरिरहेका सरकारी निकाय, गैससहरु, समुदायमा आधारित संघ/संस्थाहरु, समूहहरु, महिला स्वास्थ्य स्वयमसेविकाहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु र कार्यमूलक सञ्जाल सदस्यहरुको सहभागीता रहेको थियो ।यस कार्यक्रममा भएको उपस्थितिको विस्तृत विवरण अनुसुची-२ मा प्रस्तुत गरिएको छ । सहभागीहरुको लैङ्गिक खण्डीकृत तथ्यांक देहाय अनुसार रहेको छ ।

| सहभागी विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ३६ | ९० |
| पुरुष | ४ | १० |
| अन्य ( यौनिक अल्पसंख्यक) | ० | ० |
| जम्मा | ४० | १०० |
| बृहत जातिय समूह | ४० | |
| दलित | ४ | १० |
| जनजाती | १९ | ४७.५ |
| ब्राम्हण/क्षेत्री | १७ | ४२.५ |

## ४. कार्यक्रमको निष्कर्ष (Event Summary)

यस प्रशिक्षण कार्यक्रममा सहभागी केन्द्रित विधी अन्तर्गत निम्न लिखित विधिहरू अपनाईएको थियो ।

- सहभागीको काम र अनुभवहरूको संक्षिप्त प्रस्तुति ।
- अन्तक्रियात्मक तरिका अपनाई सहभागीबीच सिक्ने वातावरणलाई सहज बनाउने ।
- लैङ्गिक समानता तथा हिंसा सम्बन्धी ऐन, नीति, रणनीति र यससँग सम्बन्धित संरचनाहरू आफ्नो पालिका सान्दर्भिक बनाउन समूहकार्य, प्रस्तुतीरण, समूह छलफल, केस स्टडी र भूमिका निर्वाह तथा खेलको माध्यमबाट प्रशिक्षण गरिएको थियो ।

सहभागीहरूले लैंगिक हिंसाबारे व्यवहारिक तथा सैद्धान्तिक क्षेत्रमा थप ज्ञान सीप प्राप्त गरेकाछन् सहभागीहरुको विषय बस्तुको ज्ञान कस्तो छ र तालिम दिईसकेपछि त्यसमा कति ज्ञान सीप थप भयो भनी पत्ता लगाउन तालिम शुरु हुन भन्दा अघि विषय बस्तु सम्बन्धी १२ वटा बहुबैकल्पिक उत्तर आउने प्रकारका प्रश्नहरु राखेर प्रि-टेष्ट र तालिम सम्पन्न पश्चात पोष्ट टेष्ट गरिएको थियो जसको नतिजा देहाय अनुसार प्राप्त भएको छ । पोष्ट टेष्टमा सहि उत्तर ७९ प्रतिशत आएको छ तर प्रिटेष्टमा सहि उत्तरको प्रतिशत ५८ मात्र थियो । टेष्टमा प्रयोग गरिएका प्रश्नपत्र अनुसुची २ मा दिईएको छ ।

पोष्ट टेष्ट

| सोधिएको प्रश्न संख्या | आएको अंक | अंक ल्याउने संख्या | सहि उत्तर संख्या | गलत उत्तर |
|---|---|---|---|---|
| १२ | ५ | १ | ५ | ७ |
| १२ | ६ | १ | ६ | ६ |
| २४ | ७ | २ | १४ | १० |
| ७२ | ८ | ६ | ४८ | २४ |
| ४८ | ९ | ४ | ३६ | १२ |
| १४४ | १० | १२ | १२० | २४ |
| ६० | ११ | ५ | ५५ | ५ |
| ४८ | १२ | ४ | ४८ | ० |
| **४२०** | **६८** | **३५** | **३३२** | **८८** |

प्रि टेष्ट

| सोधिएको प्रश्न संख्या | आएको अंक | अंक ल्याउने संख्या | सहि उत्तर संख्या | गलत उत्तर |
|---|---|---|---|---|
| १२ | २ | १ | २ | १० |
| २४ | ४ | २ | ८ | १६ |
| २४ | ५ | २ | १० | १४ |
| ९६ | ६ | ८ | ४८ | ४८ |
| ९६ | ७ | ८ | ५६ | ४० |
| ६० | ८ | ५ | ४० | २० |
| ७२ | ९ | ६ | ५४ | १८ |
| १२ | १० | १ | १० | २ |
| १२ | ११ | १ | ११ | १ |
| **४०८** | **६२** | **३४** | **२३९** | **१६९** |

## ५. मुख्य सिकाई र अबको बाटो (Key Takeaways and Next Steps)

- लैङ्गिक हिंसा सम्बन्धमा धनकुटा नगरपालिकामा प्रथम पटक यस प्रकारको तालिम भएको हुनाले सहभागिहरु सक्रिय सहभागी भएको ।
- प्रिटेष्ट र पोष्ट टेष्ट सहभागीका लागि नौलो विषय भएकाले सहभागीको परीक्षण र तालिमको उपलब्धी जाँच गर्न धेरै राम्रो विधि हुने ।
- स्रोत व्यक्तिहरुको प्रस्तुती सहभागीको मुल्याङ्कनमा असल देखिएको र आधारभूत विषय समेटैर सहभागीहरुलाई कार्यपत्र उपलब्ध गराएकाले फर्दर अध्ययनको अवसर भएको ।
- सहभागिहरुलाई तालिमको प्रमाणपत्र उपलब्ध नगराएको तर सहभागीहरुबाट प्रमाणपत्र माग भएको ।

## ६. अनुसुचीहरु (Annexes)

### ६.१ कार्यक्रमको विषय बस्तु Agenda/Content of the Event

| क्र.सं. | प्रशिक्षणको विषय वस्तु | समय तालिका | सहजकर्ता |
|---|---|---|---|
| १ | *पहिलो दिन :सहभागी आगमन र विहानको खाजा* | *०८०८:३०-००:* | *सहभागीहरु* |
| २ | *उद्घाटन सत्र: सहभागीहरुको नामादर्ताअपेक्षा ,नियम ,परिचय , स्वगत तथा कार्यक्रमको उद्धेस्यमा प्रकाश र उद्घाटन ,संकलन मन्तव्यसाथ सत्र विसर्जन* | *०८०९:००-३०:* | *स्थानीय सहजकर्ता , उप प्रमुख र प्रमुख ,प्रमुख प्रसाशकीय अधिकृत* |
| ३ | *तालिम पूर्व मुल्याङ्कन प्रश्नावली* | *०९०९:१५-००:* | *सहभागीहरु* |
| ४ | लैङ्गिक हिंसा सम्बन्धी अवधारणा ,नेपालको अवस्था , न्युनीकरणका प्रयास र अवरोधहरु | ०९१०:४५-१५: | प्रज्ञा निरौला |
| ५ | ***चिया विश्राम*** | ***१०११:००-४५:*** | ***सवै*** |
| ६ | लैङ्गिक हिंसाको क्षेत्रमा केस ब्यवस्थापन ,समुदाय सचेतीकरण , फ्रन्टलाइन वर्कर्स र संघसँस्थाबीच समन्वय र सहकार्य/ | १११२:३०-००: | प्रज्ञा निरौला |
| ७ | ***दिउँसोको खाना*** | ***१२१३:३०-३०:*** | ***सवै*** |
| ८ | नेपालमा लैङ्गिक हिंसा सम्बोधन गर्ने संवैधानिक कानूनी , व्यवस्था र सँस्थागत संरचना | १३१५:००-३०: | दिपक गुरागाईं |
| ९ | पूर्व महिला जनप्रतिनिधिहरुसंग समन्वय र अन्तरक्रिया | १५:,१६:३०- | उप प्रमुख |
| १० | *पहिलो दिनको समिक्षा र समापन* | *१६१७:००-३०:* | *सहभागीहरु* |
| ११ | *दोस्रो दिन :सहभागी आगमन र विहानको खाजा* | *०८०८:३०-००:* | *सहभागीहरु* |
| १२ | *अघिल्लो दिनको पुनरावलोकन र प्रतिवेदनमा छलफल* | *०८०९:००-३०:* | *सहभागीहरुसहजकर्ता/* |
| १३ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारकानूनी व्यवस्था र , निवारणका लागि प्रतिबद्दता | ०९१०:३०-००: | दशरथ राई |
| १४ | *चिया विश्राम* | *१०१०:४५-३०:* | *सवै सहभागी* |
| १५ | एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC)को अवधारणाप्राप्त , हुने सेवाहरु रप्रकिया | १०१२:१५-४५: | डासुनिल ठटाल . |
| १६ | ***दिउँसोको खाना*** | ***१२१३:१५-१५:*** | ***सवै सहभागीहरु*** |
| १७ | लैङ्गिक हिंसा न्यूनीकरणका प्रयास ,पीडित केन्द्रीत दृष्टिकोण) व्यवहार ,केश व्यवस्थापन संप्रेषण र रेफरल मेकानिजममा ( नेपाल प्रहरीको भूमिका र स्थानीय अवस्था | १३१४:४५-१५: | नेपाल प्रहरी |
| १८ | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजनाको परिचय | १४१६:१५-४५: | नुषराज श्रेष्ठ |
| १९ | ***तालिम मूल्याङ्कन तथा समिक्षा*** | ***१६१६:४५-१५:*** | ***सहभागीहरु*** |
| २० | ***औपचारिक रूपमा तालिम समापन*** | ***१६१७:१५-४५:*** | ***सहभागीहरुनगर प्रमुख/*** |

## ६.२ प्रिटेष्टमा प्रयोग गरिएका प्रश्नपत्र (Questionnaire of pre-test and post-test)

**लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा क्षमता अभिबृद्धि कार्यक्रममा सहभागीहरुका लागि पूर्व परीक्षण र उत्तर परीक्षण (Pre-test and Post test) को प्रश्नावली** *समय १० मि.*

*सहि उत्तरमा रेजा लगाउनु होला ।*

**१. हाम्रो मानव समाजमा लिङ्ग भन्नाले के बुझिन्छ ?**

क. पुरुष ख. महिला र पुरुष ग. महिला पुरुष र यौनिक अल्पसंख्यक

**२. लैङ्गगिकता भनेको के हो ?**

क. प्रकृतिले बनाएको भूमिका ख. समाजले बनाएको महिला,पुरुष तथा यौनिक अल्पसंख्यकको भूमिका

ख. सरकारले बनाएको जातजाती अनुसारको भूमिका

**३. लैङ्गिक हिंसा भन्नाले के बुझ्नु हुन्छ ?**

क. घरेलु हिंसा ख. महिला हिंसा ग. लैङ्गिकताको आधारमा गरिने भेदभाव/हिंसा

**४. लैङ्गिक हिंसाका प्रकारहरु के के हुन ?**

क. शारिरीक हिंसा ख. सामाजिक/मनोबैज्ञानिक हिंसा ग. आर्थिक हिंसा घ. माथिका सवै

**५. लैङ्गिक हिंसाबाट पीडित भएपछि देखिने सम्भावित परिणामहरू के के हुन् ?**

क. शारीरिक चोटपटक ख. मानसिक रोग ग. एक्लोपना घ सवै

**६. लैङ्गिक हिंसा सधै पुरुषले महिलामाथि गर्छन्।**

क. ठीक ख. गलत

**७. यस्तो हिंसा न्यूनीकरणका लागि रोकथामका उपाय के हुन सक्छ ?**

क. समुदाय सचेतीकरण ख. पिडकलाई कानुनी कारवाही गर्ने ग. परम्परागत कुरितिहरु हटाउने

घ.लैङ्गिक समानता प्रवर्दन गर्ने ङ. यस क्षेत्रमा काम गर्नेहरुको क्षमता विकास गर्ने च. सवै

**८. पीडित केन्द्रित दृष्टिकोण भनेको के हो ?**

क. पिडितको सुरक्षा र अधिकार ख. पिडकको अधिकार ग. राजनीतिक संरक्षण

**९. नेपालमा लैङ्गिक हिंसा पीडितहरूका लागि मुख्य रेफरल मार्गहरू कहाँ हुन सक्छ ?**

क.एकद्वार संकट व्यवस्थापन केन्द्र र प्रहरी ख. औषधी विभाग ग. गैसस घ. न्यायीक समिति

**१०. पुरुषत्व पुरुषमा र नारीत्व महलिामा हुन्छ ।**

क. सहि,   ख. गलत,   ग. थाह छैन

**११. पुरुष संजालले गर्नु पर्ने काम के हो ?**

क. महिला हिंसाको बारेमा वकालत गर्ने,   ख. महिला हिंसाको मात्र कुरा भयो  अब पुरुष हिंसाको बारेमा पैरवी गर्ने,   ग. लैङ्गिक हिंसा अन्त्यका लागि अग्रसर हुने,

**१२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक तलका मध्ये कुन हो ?**

क. पुरुष समलिङ्गी,   ख महिला समलिङ्गी,   ग. अयौनिक   घ. सवै

## ६.३ कार्यक्रम सम्बद्ध फोटोग्राफहरु Photos and Supporting Materials (Attach photos with captions)

कार्यक्रम सम्बद्ध फोटोग्राफहरु












**लैगिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा अग्रपंतिमा रहेर कार्य गर्ने समुह/ संध / सस्थाहरुको क्षमता अभिवृद्दि कायक्रमको उपस्थिति विवरण २०८२/०३/२१ र २२ गते**

| सि.नं. | नाम,थर | पद | लिङग | जातिय समुह | ठेगाना | सम्पर्क नं. | शहस्ताक्षर २०८२/३/२१ | हस्ताक्षर २०८२/३/२२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | अम्बिका परियार | कोषाध्यक्ष | महिला | महिला मानव अधिकार रक्षक संजाल | धनकुटा ४ | 9810448435 | [signature] | [signature] |
| २ | माया राई | अध्यक्ष | ,, | महिला पुनर्स्थापना केन्द्र | ,, ६ | 9842119557 | [signature] | [signature] |
| ३ | संगीता चापागाई | अध्यक्ष | महिला | WEST Nepal | धनकुटा - ६ | 9842061948 | संगीता | संगीता |
| ४ | ब्रह्माकुमारी निर्मला | संचालिका | महिला | ब्र.कु. रा. सेवा केन्द्र | धनकुटा ४ | 9842069955 | [signature] | [signature] |
| ५ | गीता कुमारी राई | अध्यक्ष | ,, | WHR आदिवासी एकल महिला समूह | ४ | 9842999956 | [signature] | [signature] |
| ६ | कोपिला शंकर | अध्यक्ष | ,, | पारालिगल सम्ह | धनकुटा ६ | 9842600829 | [signature] | [signature] |
| ७ | राम कुमारी राई | सह-व्यवस्थापक | महिला | श्री महिला बहुउद्देश्यीय सहकारी संस्था लि | ध.न.पा. १० | 9842392084 | [signature] | [signature] |
| ८ | दिल कुमारी दाहाल | व्यवस्थापक | ,, | श्री महिला विकास बचत तथा ऋण सहकारी संस्था लि धनकुटा | ध.न.पा. १० | 9842996856 | [signature] | [signature] |
| ९ | हिरा देवी थापा | अध्यक्ष | | ध.न.पा. सहकारी | ध.न.पा. ३ | 9842996839 | हिरा | हेरा |
| १० | भागिरथा उप्रेती रिजाल - सदस्य | | महिला | भजन भूतन | ध.न.पा. ९ | 9802204866 | [signature] | [signature] |
| ११ | अम्बिका धमला | अध्यक्ष | महिला | झल्लारपारी महिला | धन. पा ६ | 9842904968 | [signature] | [signature] |
| १२ | कोपिला लामिछाने | अध्यक्ष | महिला | टोलबस्ती संगठन | धन पा ५ | 9842062050 | [signature] | [signature] |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | पविता बस्नेत | स्वयंसेविका | | ध. नं. ६ | 98400364?4 | ठहरी संस्था | पविता | पविता |
| १४ | यमुना भण्डारी | म.स्वा.से | महिला | ध. न.पा. 9 | बैसाहारा संघ | 9842433700 | [signature] | [signature] |
| १५ | सर्मिला भट्टराई | सदस्य | " | ध. न. पा. ४ | अमलाराम | 9844210723 | [signature] | [signature] |
| १६ | बौद्ध कुमारी मगर | सदस्य | — | ध. ६ | प्रगतिशील | [illegible] | बोद्ध | बोद्ध |
| १७ | गणेश [illegible] | सदस्य | पुरुष | ध. नं. पा. ३ | फेडप नेपाल | 9848039606 | [signature] | [signature] |
| १८ | धनमाया श्रेष्ठ | सी.म.स्वा.स्वयंसेविका | महिला | ध-न-पा-७ | स्वास्थ्य | 9842595716 | Dhana | Dhana |
| १९ | विपु श्रेष्ठ | स्टाफ नर्स जिल्ला अस्पताल धनकुटा | महिला | ध.न.पा. ७ | जिल्ला अस्पताल स्वास्थ्य धनकुटा | 9810592431 | [signature] | [signature] |
| २० | लक्ष्मी परियार | दलित महिला संघ फोडी | महिला | धनकुटा - 6 | अध्यक्ष | 9815002623 | [signature] | [signature] |
| २१ | महालक्ष्मी राई | [illegible] धनकुटा | महिला | धनकुटा २ | सदस्य | 9812234526 | [signature] | [signature] |
| २२ | राम कुमारी राई | म. स्वा. से | महिला | " " ८ | म. स्वा. से | 98400363?L | [signature] | [signature] |
| २३ | चन्द्र [illegible] | [illegible] | महिला | " ५ | ओरोध रोक | 9762953070 | चन्द्र | चन्द्र [illegible] |
| २४ | बाला राई | म.स्वा.से. | " | " ४ | सहही सम्पर्क | 98?2390086 | बाला | बाला |
| २५ | सीता श्रेष्ठ | " | " | " ३ | " | 9842921691 | [signature] | [signature] |
| २६ | निलम राई | " | " | " ५ | " | 9840036320 | निलम | निलम |
| २७ | दुर्गा थापा | स्वयंसेविका सदस्य | / | ६ | हाम्री पर्यटन | 9842268454 | दुर्गा [illegible] | [illegible] |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | रचना लामा | नगर खेदुङ | महिला | नगर खेदुङ संघ | धनकुटा - ७ | 9826342703 | [signature] | [signature] |
| २९ | रवि तामाङ | ने. ता. खेदुङ | पुरुष | सचिव | वडा नं: ६ | 9768886985 | [signature] | [signature] |
| ३० | राम घोंगी | नें: आपाङ् संस्था प्रमुख | | अध्यक्ष | '' ५ | 9803403773 | [signature] | [signature] |
| ३१ | विश्वराज थापामगर | '' | '' | OPP सदस्य | '' ५ | ९८६२९३८८५८ | [signature] | [signature] |
| ३२ | सिता कु. दुलाल | जि.पु.का. सदस्य | म० | पु.स०ई. | '' ६ | ९८६२८१८६२६ | [signature] | [signature] |
| ३३ | तारादेवी राई | जि.प्र.डी. '' | म. | प्र. ज० | — '' — | ९८६२०८३३८३ | [signature] | [signature] |
| ३४ | विनिता श्रेष्ठ | मिमपुन टोलबस्ती | म० | अध्यक्ष | - ६ - | ९८४२४८१३४ | [signature] | [signature] |
| ३५ | ज्योति प्रधान | सहस-नेपाल | म. | सचिव | - ५ - | ९८४२९०३९०२ | [signature] | [signature] |
| ३६ | दुर्गा दहाल | मानव अधिकार लगानी महिला क्लिनिक ल भाइ | म. | उपाध्यक्ष | - ७ - | ९८४२५९४५८१ | [signature] | [signature] |
| ३७ | - | | | | | | | |
| ३८ | सरस्वती खनाल | स्वस्थय सेवा | म | | १० | ९८०४०६८५०५ | सरस्वती | सरस्वती |
| ३९ | केशव कुमारी लोलीगाई | कागते मिलिजुल बहुउद्देश्य कृषि समूह | म | सदस्य | ३ | ९८४२५६९४८ | [signature] | [signature] |
| ४० | शोभा ढकुरी | म.स्वा. स्वयंसेविका | म. | सचिव | - १ | 9840036395 | [signature] | [signature] |
| ४१ | विमला तामाङ | म०स्वा० | म | | २ | ९८४२९८८६०१ | [signature] | [signature] |
| ४२ | ~~कमला देवी राई~~ | | | | | | | |

# लैङ्गिक हिंसा अबधारणागत पक्षको प्रस्तुती र अन्तरक्रिया/छलफल

## लिङ्ग(sex) भनेको के हो ?

१. महिला, पुरुष, र अन्तरलिंगी (लैंगिक तथा यौनिक अल्पसंख्यक)
- जैविक भिन्नता (biological- chromosomes, hormone level reproductive organ )
- शारीरिक भिन्नता (physical)
- योनाङ्गमा भिन्नता (genetic)

२. प्राकृतिक
३. अपरिवर्तनीय
४. सबै ठाउँ र समयमा एक समान

## लैङ्गिकता

लैङ्गिकता भनेको समाजद्वारा उपयुक्त भनि निर्धारण गरिएको महिला र पुरुषले निर्वाह गर्ने बेग्ला बेग्लै भुमिका, जिम्मेवारी र अवसर तथा तिनीहरुको बारेमा समाजमा रहेको मुल्य, मान्यता र धारणा भन्ने बुझिन्छ।

लिङ्ग का आधारमा पुरुष र महिला दुवैबाट समाजले अपेक्षा गरेको भुमिका लैङ्गिकता हो।

## आमधारणा

| पुरुषत्व | नारीत्व |
|---|---|
| आक्रमक | कोमल |
| बलवान | लजालु |
| निर्णय गर्न सक्ने | निर्णय गर्न डराउने |
| आत्मनिर्भर | परनिर्भर |
| कठोर | नरम |
| विजयी | समर्पित |
| अधैर्य | धैर्य |
| जोखिम लिन सक्ने | कर्तव्य परायणता |
| हिंशक | सहनशीलता, प्रेम, दया |
| शासक | शासित |

## केही उखान टुक्काहरु

१. पोथी बासेको घर
२. खुट्टा भए जुत्ता हजार
३. छोरीको जन्म हारेको कर्म
४. छोराको कमाई झोलामा छोरीको कमाई खोलामा
५. स्वास्नीको कुरा सुन्ने जोइटिङ्ग्रे


## क्रमशः


६. छोरा भनेको बुढेसकालको सहारा
७. छोरा भनेको कूलको दिप
८. छोराले कि आँटले खान्छ कि ढाँटले खान्छ
९. अभागीको गाई मर्छ, भाग्यमानीको स्वास्नी मर्छ

# परिवर्तित उखान टुक्काहरु

१. सुत्केरीलाई खसि घरमै बसी बसी
२. भाले पोथी साथी दुवै बासे जाती

*उल्लेखित आम धारणा र उखान टुक्का जस्ता विचार लैङ्गिक हिंसाका जननी हुन*







## लैङ्गिक विभेदमा आधारित हिंसा सम्बन्धी सुचना सामाग्री

### लैङ्गिक विभेदमा आधारित हिंसा

कुनै पनि व्यक्तिलाई उ महिला पुरूष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएकै कारणले गरिने शारीरिक मानसिक र यौनिक रूपले पीडा दिने वा पुऱ्याउने खालका काम तथा सम्पूर्ण विभेदपूर्ण हिंसात्मक व्यवहारहरू नै लैगिंक विभेदमा आधारित हिंसा हो । लिङ्गको आधारमा गरिने भेदभाव, असमान व्यवहार एवं कसुरजन्य क्रियाकलापहरू लैङ्गिक हिंसा भित्र पर्दछन् । जुन सामाजिक लैङ्गिक विभेदबाट निर्देशित भइ गरिएको हुन्छ र यसलाई परिवर्तन गर्न सकिन्छ ।

सामान्य भाषामा लैङ्गिकताको आधारमा कुनैपनि व्यक्तिको इच्छा विरुद्द गरिने क्रियाकलाप

- भौतिक
- मानसिक
- सामाजिक तथा साँस्कृतिक
- यौनजन्य हिंसा
- आर्थिक हिंसा

### ❖शारिरीक हिंसा
कुटपिट, जबरजस्ती, गर्भपतन गर्न लगाउनु, महिलालाई कामको बोझ थपेर दुःख दिनु वा शारीरिक रुपमा घाऊ, चोटपटक वा क्षति पुग्ने गरि गरिने कुनै पनि प्रकारका हिंसा यस अन्तर्गत पर्दछन् ।

### ❖मानसिक हिंसा
शारीरिक यातनाको डर, धाक, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौच गर्ने, अपशब्द बोल्ने, अरुका अगाडि होच्याउने, तिरस्कार गर्ने, झूठा बात लगाउने, घरबाट निकाला गर्ने, इच्छा विपरित काम गर्न लगाउने साथै बैचारिक, धार्मिक, साँस्कृतिक तथा परम्पराका आधारमा गरिने भेदभावलाई समेत जनाउँदछ ।

### ❖सामाजिक साँस्कृतिक हिंसा
सामाजिक संस्कार, धर्म परम्परा वा रीतिरिवाजका आधारमा गर्ने हिंसाहरु जस्तै बालविवाह, बोक्सिको आरोप, झुमा, देउकी, वादी, बोक्सी, बहुविवाह, सुत्केरी तथा रजस्वलाको समयमा गरिने छुवाछुतको व्यवहार वा छाउपडि इत्यादि सामाजिक साँस्कृतिक हिंसा भित्र पर्दछन् ।

### ❖आर्थिक हिंसा
सगोल वा निजि सम्पतीको प्रयोग गर्न वा रोजगारी वा आर्थिक श्रोत साधनको पहुंच वा प्रयोगमा बञ्चित गर्ने कार्यलाई जनाउँदछ ।


• यौनिक वा यौन हिंसा

काम गर्ने स्थान, अध्ययन–अध्यापन गर्ने स्थान, सार्वजनिक यातायात वा अन्य सार्वजनिक स्थानमा, घरभित्र वा जुनसुकै स्थानमा गरिने बलात्कार, बलात्कारको प्रयास, यौन दुव्यवहार, यौनशोषण, जबरजस्ती संवेदनशील अंगहरु छुने वा छुवाउने जबरजस्ती वा झुक्याएर यौन चित्र फोटो वा फिल्म देखाउने वा जबरजस्ती संवेदनशील चित्र, फोटो वा फिल्म खिच्ने, यौनजन्य कुराकानी वा शब्दहरूको प्रयोग गर्ने वा यस्तै प्रकारका अन्य घटनाहरू यौनिक हिंसा भित्र पर्दछन् । यौनिक हिंसाको धेरै जसो घटनाहरू चिनेजानेकै व्यक्तिहरूबाट हुने गरेको तथ्याङ्कले देखाउँछ ।


प्रदेशानुसार नेपालमा लैङ्गिक हिंसाको अवश्था- *नेपाल प्रहरीको सन २०२२ मा दर्ता भएका घटनाहरुको आधारमा*

| क्र.सं. | हिंसाको प्रकार | जम्मा दर्ता भएको | कोशी प्रदेश | मधेश प्रदेश | बाग्मतीप्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुर प. प्रदेश | काठमाण्डौ भ्याल्ली | मानव वेचविखन नियन्त्रण विभाग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बलात्कार | २३८० | ५१२ | २८९ | २६५ | २११ | ३८९ | १५७ | २३४ | ३२३ | ०० |
| २ | बलात्कारको प्रयास | ६५५ | १४१ | ९३ | ६९ | ५० | १३० | ४३ | ९२ | ३७ | ०० |
| ३ | बाल यौन दुर्व्यवहार | ३१४ | ९९ | १७ | ४६ | ३७ | ३७ | ११ | १२ | ५५ | ०० |
| ४ | अप्राकृतिक यौन सम्बन्ध | ३१ | ६ | ८ | ३ | ५ | ६ | १ | १ | १ | ०० |
| ५ | अपहरणपछि बलात्कार | ७२ | ५ | ४७ | ३ | ३ | १० | १ | २ | १ | ०० |
| ६ | बलात्कार पछि हत्या | ९ | २ | २ | ० | १ | ० | ३ | १ | ० | ०० |
| ७ | बहु विवाह | ८०९ | १४४ | १२१ | ९३ | ४० | १५७ | ८१ | ८२ | ९१ | ०० |
| ८ | बाल विवाह | ५२ | १० | १० | २ | ५ | ९ | १० | ४ | २ | ०० |
| ९ | घरेलु हिंसा | १७००० | १३३३ | ४४७३ | १५६८ | १४०९ | २८६० | ९८३ | १३१६ | ३०५८ | ०० |
| १० | बोक्सीको आरोप | ४९ | ५ | २८ | ४ | ० | ७ | २ | २ | १ | ०० |
| ११ | मानव बेचविखन | १४५ | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ |
| १२ | गैरकानूनी गर्भपतन | ३७ | ९ | १६ | १ | ३ | ६ | ० | ० | २ | ०० |
| १३ | छूवाछुत | १५ | ३ | १ | २ | १ | ४ | ० | ३ | १ | ०० |


नेपालमा यौनजन्य हिंसाको अवस्था




बहु विवाह




घरेलु हिंसा




**लैङ्गिक हिंसाको असर तथा प्रभावहरु**

- शारीरिक हिंसाका कारण महिला तथा बालबालिकाहरू विभिन्न रोगहरूबाट ग्रसित हुने, अङ्गभङ्ग हुने, आत्मबल घट्ने तथा सामाजिक कार्यहरूमा सहभागी हुन नसक्ने गरि असरहरू पर्न सक्दछ ।
- यौनिक हिंसाबाट महिला तथा बालबालिकाहरूमा अनिश्चित गर्भ रहने, गर्भपतन हुने, यौनाङ्ग क्षतविक्षत हुने, ढाड कम्मर दुख्ने, तल्लो पेटको संक्रमण हुने, यौन रोगहरू तथा एच.आई.भीको जोखिम हुन सक्दछ ।
- मानसिक हिंसाबाट महिला तथा बालबालिकामा मानसिक असन्तुलन, मुटुको रोग, मधुमेह आदि जस्ता विभिन्न रोगहरू लाग्न सक्दछन् । महिलाहरूमा आत्मविश्वासको कमि भई काम गर्न मन नलाग्ने, एक्लोपन जस्ता मनोसामाजिक समस्याहरू देखा पर्न सक्छन् ।
- सामाजिक/सांस्कृतिक हिंसाका कारण महिला तथा बालबालिकाहरूको शारीरिक बौद्धिक विकासमा अवरोध हुने, दाईजोका कारण आत्महत्या हुन सक्ने, सानो उमेरमा विवाहले गर्दा धेरै बच्चा जन्माउन बाध्य गराईनुले स्वास्थ्य विग्रने, महिनावारी हुँदा बाहिर बस्नुपर्ने बाध्यताहरूले थप जोखिम निम्त्याउनुका साथै किशोरीहरूको पढाईमा समेत बाधा पुग्ने तथा बैदेशिक रोजगारीमा गएका पुरूषका श्रीमतीहरूमाथि समाजले चारित्रिक लान्छना लगाई उनीहरू आत्महत्या गर्न बाध्य हुनसक्छन् ।

**लैङ्गिक हिंसाबाट कसरी बच्ने ?**




आफूमाथि भएका हिंसाको प्रतिकार गरौं । सहेर नवसौं ।



तालिम प्राप्त मनोविमर्शकर्तासंग मनोविमर्श सेवा लिऔं । सबैसेवा एकैस्थानबाट लिन ओसिएमसी जाऔं ।







## के गर्दा हिंसा घटाउन सकिन्छ ?

- **हिंसाजन्य कार्यहरुलाई अपराधीकरण गर्दै नियन्त्रण गर्ने**
- **सामाजिक मूल्य मान्यताहरुमा सुधार गर्दै घटाउँदै लाने**
- **राहत तथा न्याय प्रदान गर्दै न्यूनिकरण गर्ने**
- **Prevention रोकथाम**
- **Response सम्बोधन**
- **Advocacy वकालत**
- **Capacity Building क्षमता विकास**

## Principles

- Human Rights मानव अधिकार
- Non discrimination भेदभाव नगर्ने
- Survivor Centered पिडित केन्द्रित
- Accountability जवाफदेहिता

### हिंसा सम्बन्धिका कानूनी दस्तावेजहरु

- नेपालको संविधान, २०७२
- गाली बेइज्जती ऐन, २०१६
- सार्वजनिक अपराध र सजाय ऐन, २०२७
- निजामति सेवा ऐन, २०४९
- विधुतीय (इलेक्टोनिक) कारोबार ऐन, २०६३
- बोक्सीको आरोप सम्बन्धी (कसूर र सजाय)का सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन , २०७२
- कार्यास्थलमा हुने यौनजन्य दूर्व्यवहार नियन्त्रण ऐन, २०७१
- घरेलु हिंसा कसुर सजाय ऐन, २०६६

### हिंसा सम्बन्धिका कानून दस्ताबेजहरु

- छाउपडी प्रथा उल्मूलन निर्देशिका, २०६४
- घरेलु हिंसा (कसूर र सजाए) ऐन, २०६६
- कार्य स्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन,२०७१
- श्रमजीवि महिलाहरुप्रति डान्स रेस्टुरेन्ट, डान्सवार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५
- लैङ्गिक हिंसा निवारण कोष संचालन नियमावलि, २०६७ र दोस्रो संसोधन नियमावलि , २०७६ आदि.....

## राम्रा अभ्यास

- बिभिन्न ऐन, नियमावलि, निर्देशिका, कार्यविधिको निर्माण
- जिल्ला अस्पतालमा अवस्थित एकद्धार संकट व्यवस्थापन केन्द्रको (One Stop Crisis Management Centre, OCMC) स्थापना
- लैङ्गिक हिंसा निवारण कोषको स्थापना
- केन्द्र, प्रदेश र स्थानीय तहसम्म तत्काल उद्धार राहत समिति गठन
- महिला बालबालिका तथा जेष्ठ नागरिक मंत्रालयमा लैङ्गिक हिंसा निवारण शाखाको स्थापना

## राम्रा अभ्यास

- लैङ्गिक हिंसा भएमा खबर गर्ने नम्बरहरु
- ➢ प्रहरीको आपतकालिन निशुल्क नम्बर - १००
- ➢ प्रहरी प्रधान कार्यलयको महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय - ०१-४४१४७४५
- ➢ राष्ट्रिय महिला आयोगको हट लाईन निशुल्क नम्बर - ११४५
- ➢ महिला बालबालिका तथा जेष्ठ नागरिक मंत्रालयको "लैङ्गिक हिंसा निवारण शाखा" -९८४१६०७६६४

## चुनौतिहरु

- हिंसा पिडित महिला तथा बालबालिकाहरु प्रविधिमा त्यति साक्षताकार नहुन र पहुचमा कमि
- उजुरी गर्न नचाहनु
- सेवा प्रदान गर्ने संघ संस्थाहरुमा संयोजनको कमि
- विध्यमान नीति कानूनहरुको कार्यन्वयन फितलो
- महिलाहरु सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र शैक्षिक रुपमा पछि
- राजनीतिक प्रतिबद्धतामा कमि
- प्रदेश र स्थानीय स्तरमा हिंसा सम्बन्धि आवश्यक नीति तथा कानून नहुनु
- हिंसा पिडित महिला तथा बालबालिकामाहरुमा अति आवश्यक सेवाहरुको जानकारी र पहूंचमा कमी र
- कानूनी प्रकृया जटिल हिंसा पिडित मैत्री नहुनु

## हिंसा अन्त गर्नको लागि हाम्रो भूमिका

- हिंसा निवारण सम्बन्धि कार्यवीधिको र मापदण्डहरुको निर्माण
- खण्डिकृत तथ्याङ्ग संकलन र व्यवस्थापन
- हिसा भोगेका महिला र बालिकाहरुको पुन:स्थापनाको लागि पून:स्थापना गृहको निर्माण
- लैङ्गिक हिंसा निवारण शाखाको स्थापना गर्न आवश्यक समनवयन र सहकार्य ।
- हिंसा पिडित महिलालाई पुन:स्थापना, संरक्षण र सशक्तीकरणको लागि बजेट विनियोजन गरी योजना तर्जमा, कार्यन्वयन, अनुगमन तथा मूल्याकन
- लैङ्गिक हिंसा निवारण कोषको स्थापना र परिचालन
- सेवा प्रदायक सरकारी र गैरसरककारी संघ, संस्थाहरुसंग सम्पर्क, सहकार्य ,समन्वयन र अनुगमन
- जिल्ला अस्पतालमा रहेको "एक द्वार संकट ब्यवस्थापन केन्द्र " (OCMC) को नियमित अनुगमन र आवश्यक परेको सहयोग
- सूचना प्रवाहको ब्वस्थापन
- नियमित रुपमा अत्यावश्य सेवाहरुको बारेमा अनुगमन र मल्याङ्कन ।

## हिंसा अन्त गर्नको लागि हाम्रो भूमिका

नगर पालिका तथा गाउंपालिका

- हिंसा पिडित महिला तथा बालिकाको तथ्याङ्क संकलन सम्बन्धि कार्यबीधि र मापदण्डको निर्माण,
- लैङ्गिक हिंसा सम्बर्नधि तथ्याङ्क सङ्कलन र ब्यपस्थापन,
- हिंसा निवारणको लागि योजना तर्जूमा कार्यन्वयन अनुगमन तथा मूल्याकन,
- हिंसा पिडित ब्यक्तिहरु राख्नको लागि आवास , खाना, स्वास्थ्य , शुरक्षा मनोपरामर्स र कानूनी परामर्शको लागि यथेस्ट मात्रामा बजेट बिनियोजन गरि कोषको स्थापना,
- स्थानीय तहको सेबा प्रदायक कर्मचारीहरुको क्षमता बिस्तार,
- स्थानीय तहका विभिन्न सेवा प्रदायक सरकारी र गैरसरककारी संघ, संस्थाहरुसंग सम्पर्क, सहकार्य र समन्वयन,
- द्रुत सूचना प्रवाहको ब्यवस्थापन ,
- कार्यपालिकाको नियमित बैठकमा लैङ्गिक हिंसा को अवश्थालाई नियमित बैठकको एजेन्डा बनाउने,
- समाजमा विध्यमान हिंसा हटाउनको लागि बजेटको बिनीयोजन र
- जिल्ला अस्तपतालमा रहेको "एक द्वार संकट ब्यवस्थापन केन्द्र " (OCMC) को नियमित अनॅगमन र आवश्यक सहयोग प्रदान गर्ने
- वडा वडामा मनोपरामर्श दाताहरु छनौट गरि आवश्यक तालिम प्रदान गर्ने ।

## हिंसा अन्त गर्नको लागि हाम्रो भूमिका

- न्यायिक समिति
- आफनो क्षेत्र भित्र लैङ्गिक हिसा , घरेलु हिंसा ,महिला हिंसाका घटेको वा नघटेको यकिन,
- हिंसा पिडित महिला र बालिकाले गुणस्तरीय अत्यावश्यक सेवाहरु पाए नपाएको यकिन,
- हिंसा पिडित महिला र बालिकाहरुको पहिचान,
- हिंसा पिडितहरुको गूणस्तरीय अत्यावश्यक सेवा प्राप्त गरे नगरेको सुनिश्तितता,
- पिडितहरुको लागि आवश्यक काननी प्रकृया सहज र छरितो भए नभएको यकिन,
- पिडित महिला तथा बालिकको लागि अत्यावश्यक सेवा सुबिधा प्रबाह गर्नको लागि आवश्यक पर्ने नीति नियम, निर्देशिका कानून भए नभएको यकिन गर्ने र नभएमा नगर । गांउ सभामा आवश्यक पहल,
- आफ्ने क्षेत्रमा भएको आश्रय गृह, पुन:स्थापना केन्द्र, बाल गृहको अवश्था र त्यसले प्रदान गरेको सेवा गुणस्तरीय भए नभएको यकिन गरि गुणस्तीर सेवा प्रवाह गर्नको लागि आश्यक सहयोग र
- लैङ्गिक हिंसा कोष स्थापना गर्नको लाग योजना तर्जम देखि सभा सम्म आवश्यक पहल गर्ने ।

कार्य स्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन,२०७१

**यौनजन्य दूर्व्यवहार मानिने**

- यौनजन्य आशयले शरीरका कुनै अंग छोएमा वा छुने प्रयास गरेमा,
- अश्लिल तथा यौनजन्य क्रियाकलापसंग सम्बन्धित शब्द चित्र, पत्रपत्रिका श्रव्य दृश्य, अन्य सूचना प्रविधि, साधन, बस्तु वा साग्रि  प्रयोग वा प्रदर्शन गरेमा,

❑ लेखेर, बोलेर वा ईसाराले अश्लील तथा यौनजन्य आशय प्रर्दशन वा प्रकट गरेमा,

❑यौनजन्य क्रियाकलापको लागि प्रस्ताब गरोमा,

❑यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा,

यी माथि भनिएका बाहेक शैक्षिक सूचनामूलक, अनुसन्धान, उपचार वा बचाउने सिलसिलामा गरिएको कुनै पनि काम कारबाहीलाई यौनजन्य दर्व्यवहार गरेको मानिन्छ।

- आचार सहिंता बनाई कार्यन्वयन गर्ने गराउने
- उजुरी सुनवाई सम्बन्धि कार्यविधि निर्माण गरी कार्यान्वयन गराउन

**अन्तमा**


महिलाहरु शताब्दीऔं देखि संरचनात्मक मारमा छन्। यो संरचनात्मक बिभेद कुनै एक ब्यक्ति वा समूहको प्रयासले मात्र सजिलै तोड्न सम्भब छैन। यसका लागि ब्यक्ति , समाज र सबैको एक्यबद्धता र प्रतिबद्धताको खांचो छ।

**धन्यबाद**

*ऐतिहासिक र मार्मिक र तस्विर*



**धन्यवाद।**



## फ्रन्ट लाइन वर्कर्सहरुः समन्वय र सहकार्य

## हामीसँग भएका फ्रन्टलाइन वर्कर्सहरु को को छन् त ?

- स्रोत नक्साङ्कन गरौं
- भूमिका पहिचान गरौं

# फ्रन्ट लाइन वर्कर्सहरुको परिचय

- लैङ्गिक हिंसाका विरुद्धका लागि काम गर्ने सरोकारवालाहरु जो प्रत्यक्ष पीडित वा प्रभावितहरुसँग जोडिन्छन तिनीहरु फ्रन्ट लाइन वर्कर्सको रुपमा चिनिन्छन् ।
- पीडित वा प्रभावितहरुले उनीहरुलाई सहजै भेट्न सक्छन् ।

## फ्रन्ट लाईन वर्कर्सहरुमा को को छन् त ?

- न्यायिक समिति,लैङ्गिक हिंसा निवारणका लागि काम गर्ने विज्ञ तथा फोकल पर्सनहरु/ महिला बालबालिका शाखा/उपशाखा
- वडा कार्यालयहरु
- बालबालिकाहरुको समूहः बालक्लब, बालसन्जाल
- महिलाहरुको समूहहरु
- स्वास्थ्य स्वयम् सेविकाहरु
- विभिन्न किसिमका संघसंस्थाहरु
- प्रहरी कार्यालयः
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवाकेन्द्र

## क्रमशः

- जनतासँग सिधा सम्पर्कमा रहेर उनीहरुका समस्या समाधान गर्न र समस्या बुझ्न उनीहरुलाई सहज हुन्छ ।
- स्थानीय परिवेशसँग उनीहरुको प्रत्यक्ष सम्पर्क हुने भएकाले घटनाको गहिराइसम्म पुगेर बुझ्न र त्यसको समाधान गर्न उनीहरुलाई सजिलो हुन्छ ।
- विभिन्न क्षेत्रका व्यक्तिहरु यसमा पर्ने हुनाले एक अर्कासँग समन्वय गरेर कार्य गरेमा सजिलै समस्याको समाधान गर्न सजिलो हुनुका साथै पीडित तथा प्रभावितलाई छिटो सहज रुपमा सेवा प्रदान गर्न सहयोग पुग्छ ।
- तत्काल उद्धार तथा राहत प्रदान गरी न्याय प्रदानगर्न सकिन्छ।

## क्रमशः

- मानव अधिकारकर्मीहरु
- मनोसामाजिक परामर्शदाताहरु
- सेफ हाउस
- पुनर्स्थापना केन्द्र
- अस्पताल
- OCMC
- मानव अधिकारकर्मीहरु
- महिला आयोग
- अदालत
- सरकारी वकील

- अरु थपौं..........

## समन्वय कसरी गर्ने ?

- नियमित बैठक तथा सम्पर्क गरेर
- आआफ्नो कार्यक्षेत्रको वारेमा सुचना आदानप्रदान गरेर
- समस्या समाधानका साझा बुझाइ बनाएर
- सबैको कार्यक्षेत्र फरक फरक हुने र पीडित वा प्रभावितलाई विभिन्न प्रकारका सेवाहरुको आवश्यकता पर्ने भएकोले एक अर्कासँग समन्वय गरी सहज रुपमा समस्या समाधान गरेर

- साझा बुझाइ सूचना सम्प्रेषण संयन्त्र निर्माण गरेर
- अरु थपौं

## खेल

# लैङ्गिक हिंसा

-प्रस्तुतकर्ताः अधिवक्ता दिपक गुरागाई

**प्रमुख तथ्याङ्क र स्थितिः**

- **घरेलु हिंसाः**
  - घरेलु हिंसा नेपालमा सबैभन्दा धेरै रिपोर्ट गरिने हिंसाका घटनामध्ये एक हो। यसमा शारीरिक यातना, मानसिक दबाब, आर्थिक अपहेलन, र यौन हिंसा पर्छन्।
  - घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ ले यसलाई अपराधको रूपमा परिभाषित गरेको छ।
- **बालविवाह र दाइजो प्रथाः**
  - नेपालमा बालविवाह (१८ वर्षभन्दा कम उमेरमा विवाह) व्यापक रूपमा प्रचलित छ। यसले विशेषगरी किशोरीहरूलाई शिक्षा र स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ।
  - दाइजो प्रथा पनि लैङ्गिक हिंसाको एउटा स्वरूप हो, जसले महिलाहरूलाई आर्थिक र सामाजिक दबाबमा पार्छ।
- **यौन हिंसाः**
  - सार्वजनिक स्थानहरूमा महिलामाथि हुने यौन हिंसा र दुर्व्यवहार सामान्य देखिएको छ। यौन उत्पीडन, बलात्कार, र मानव बेचबिखन जस्ता घटनाहरू रिपोर्ट भइरहेका छन्।
  - कानुनी रूपमा यौन हिंसाविरुद्ध कडा प्रावधान भए पनि न्याय पाउन कठिनाइ हुने गरेको छ।
- **मानव बेचबिखनः**
  - महिलाहरू र किशोरीहरू यौन शोषणका लागि भारत र तेस्रो देशमा बेचबिखन हुने घटनाहरू अझै पनि गम्भीर चुनौती बनेका छन्।
- **लैङ्गिक असमानताः**
  - परम्परागत पितृसत्तात्मक संरचनाका कारण महिलाहरू धेरै क्षेत्रमा असमानताको शिकार हुने गरेका छन्। शिक्षा, स्वास्थ्य, रोजगारी, र निर्णय गर्ने स्थानहरूमा महिलाको सहभागिता तुलनात्मक रूपमा कम छ।

# लैङ्गिक हिंसाको परिचय

- लैङ्गिक आधारमा शारीरिक, मानसिक, सामाजिक साँस्कृतिक, आर्थिक तथा यौनिक रुपमा असर पर्ने गरि हुने हिंसालाई लैङ्गिकतामा आधारित हिंसा भनिन्छ । स्रोत, साधन, अवसर, जिम्मेवारि तथा हक, अधिकारको असमान वितरण, सानो उमेरमा वा बालविवाह, महिलालाई घरमा मात्र सिमित राख्नु, महिलाको कामको मूल्याङ्कन नगरिनु जस्ता लिङ्गको आधारमा हुने हिंसाहरू यस अन्तर्गत पर्दछ ।
- साथै, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ अनुसार "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लैङ्गिक आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

## नेपाल प्रहरीको आ.व. २०८१/०८२ को बार्षिक तथ्यपत्र अनुसार


समग्र लैङ्गिक हिंसा अपराधमा ७८.३% हिस्सा ओगट्ने घरेलु हिंसाका घटनाहरु मधेश प्रदेश सबैभन्दा बढी र गण्डकी प्रदेशमा सबैभन्दा कम दर्ता भएको देखिन्छ ।

लैङ्गिक हिंसाका घटनाहरुमा अधिकांश पीडित महिला र बालिका तथा अभियुक्त / पिडक पुरुष भएको देखिन्छ ।

अधिकांश लैङ्गिक हिंसाका घटनाहरुमा तुलनात्मक रुपमा कम शैक्षिक योग्यता भएका वर्ग बढी पीडित र पीडक भएको देखिन्छ।

यौनजन्य हिंसाका घटनाहरु सबैभन्दा बढी कोशी प्रदेशमा र जिल्लाहरु काठमाण्डौ र झापामा बढी दर्ता भएको देखिन्छ।

यौनजन्य हिंसाका घटनाहरु जेठ, श्रावण र असार महिनामा बढी र कार्तिक, पुष र मंसिर महिनामा कम दर्ता भएको देखिन्छ ।

यौनजन्य हिंसाका घटनाहरुमा ९१.९% संलग्न अभियुक्तहरु चिनजानका र ६४.६% पीडित बालिकाहरु भएको देखिन्छ ।

मानव बेचबिखनको घटना मानव बेचबिखन ब्युरामा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा कम दर्ता भएको देखिन्छ । समग्र मानव बेचबिखनको घटनाबाट ५७.६% महिला र ३४.३% बालिका पीडित रहेको देखिन्छ ।

*नोटः प्रतिशत गणनामा अंकहरुको राउन्डिङका कारण प्रतिशतको योगफल १०० नहुन सक्दछ ।*

## नेपालमा यसको अवस्था

- लैङगिक हिंसा सामाजिक अपराध हो । लैङगिक हिंसा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमै चुनौतिको विषय बनेको छ । लैङगिक हिंसा अन्त्यका लागि अन्तराष्ट्रियस्तरमा विभिन्न कानुन, नीति निर्देशनहरु तय भएका छन् भने नेपालले पनि आफ्नो प्रतिवद्धता जाहेर गरिसकको छ । लैङगिक हिंसा अन्त्यका लागि नेपाल पक्ष रहेको विभिन्न अन्तराष्ट्रिय कानुनहरु, नेपालको संविधान, मुलुकी फौजदारी संहिता ऐन २०७४, स्थानिय सरकार संचालन ऐन २०७४, छाउपडी प्रथा उन्मुलन निर्देशिका २०६४, श्रम ऐन २०७४, घरेलु हिंसा (कसुर र सजाय ) ऐन २०६६, कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार ( निवारण ) ऐन २०७१ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ बोक्सी आरोप (कसुर र सजाय ) ऐन २०७२, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लगायत नेपनलमा विद्यमान कानुनहरुले विभिन्न व्यवस्था गर्नुका साथै सरकारको नीति नियममा पनि विभिन्न व्यवस्था गरी कार्यक्रम घोषणा गरिएका छन् तसर्थ लैङगिक हिंसा अन्त्य गर्नु सबैको कर्तव्य हो ।

## वर्तमान परिवेशमा लैङ्गिक हिंसाका केही कारक तत्वहरु:

- महिलालाई उच्च शिक्षाको लागि कम लगानी हुनु ।
- विविधताको पहिचान र सम्मान गर्न नसक्नु ।
- फितलो समावेशीताको नीति कार्यान्वयन ।
- सरकारका निकायबाट लैङ्गिकताका सवालहरुमा वेवास्ता ।
- नीति लागु तथा कार्यान्वयनमा ढिलाइ तथा कठिनता ।
- बढ्दो परनिर्भरता एवं बेरोजगारी ।
- कुसंस्कार, कुरीति, देखासिकी, सामाजिक सञ्जालको दुरुपयोग ।
- लक्षित वर्गको पहुँच र सहभागितामा कमी ।

## लैङ्गिक हिंसाको न्यूनीकरणका उपायहरु

- हरेक समस्यामा समाधान भए झै, कालो बादलमा चाँदीको घेरा भए झै सकारात्मक पक्षहरु धेरै छन् र परिवर्तन धेरै भएका छन् । पूर्णतः पितृसत्तात्मक व्यवस्था, धर्म संस्कृतिको बोलबाला रहेको समाजमा हाल देखिएका केही सकारात्मक परिणामहरु भने पक्कै हामी सबैले गर्दा भएको हो । सरकारले ल्याएको आरक्षण प्रणाली, समावेशी नीतिहरु, निःशुल्क शिक्षा, छोरा र छोरीमा हुने भेदभावमा कमी, बढ्दो सूचना प्रविधि, सञ्चार माध्यमहरु, स्थानीय निकायमा स्थापन भएको न्यायिक समिति तथा यसको अधिकार, विभिन्न समूहहरु निर्माण तथा संचेतना आदि सबैखाले गतिविधिहरु सरकारी तथा गैरसरकारी निकायहरुले सञ्चालन गरेर नै केही सकारात्मक उपलब्धिहरु भएका छन् तर समयसापेक्ष यति कार्यहरु नै भने काफी पक्कै छैनन् । प्रभावकारी रणनीतिका साथ योजनाहरु निर्माण गरी सबैको सहभागितामा दिगो किसिमका सेवा र संचेतनामूलक गतिविधिहरु सञ्चालन गर्ने, आर्थिक आयआर्जनका गतिविधिहरुमा जोड दिने, रोजगारीका अवसरहरु प्रशस्त खुलाउने, सीपमूलक र क्षमता अभिबृद्धि जस्ता कार्यक्रमहरु लागु गर्ने, शिक्षा, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने, नीति नियम कार्यान्वयन तथा कानुनी सचेतना जस्ता यावत विषयहरुलाई सम्बोधन गर्न सके हाम्रै पालामा समावेशी र हिंसारहित समाज देख्न र भोग्न पाइने छ यसका लागि सबैको प्रयास निरन्तर हुनु जरुरी छ भने अझ धेरै घरबाटै शुरु गर्नु अनिवार्य छ । हामी सबैको घरमा महिला हिंसा का साथै लैङ्गिक हिंसा हुन दिनेछैनौ यसमा हामी सबैको ऐक्यबद्धता तथा प्रतिबद्धता जरुरी छ ।

## १. सचेतना अभिवृद्धिमा भूमिका

•**जनचेतना कार्यक्रमहरू सञ्चालन**: समुदायमा लैङ्गिक हिंसाबारे शिक्षा प्रदान गर्ने, परम्परागत हानिकारक सोच बदल्ने, र लैङ्गिक समानताबारे जागरुकता फैलाउने।
•**शिक्षा प्रवर्धन**: विद्यालय र सामुदायिक कार्यक्रममार्फत बालबालिका र युवालाई लैङ्गिक समानताबारे शिक्षित गर्ने।
•**सांस्कृतिक परिवर्तनमा जोड**: पितृसत्तात्मक परम्परालाई परिवर्तन गर्न जनप्रतिनिधिहरूले नेतृत्वदायी भूमिका खेल्नुपर्छ।

## लैङ्गिक हिंसाको न्यूनीकरणका उपायहरु

- हरेक समस्यामा समाधान भए झै, कालो बादलमा चाँदीको घेरा भए झै सकारात्मक पक्षहरु धेरै छन् र परिवर्तन धेरै भएका छन् । पूर्णतः पितृसत्तात्मक व्यवस्था, धर्म संस्कृतिको बोलबाला रहेको समाजमा हाल देखिएका केही सकारात्मक परिणामहरु भने पक्कै हामी सबैले गर्दा भएको हो । सरकारले ल्याएको आरक्षण प्रणाली, समावेशी नीतिहरु, निःशुल्क शिक्षा, छोरा र छोरीमा हुने भेदभावमा कमी, बढ्दो सूचना प्रविधि, सञ्चार माध्यमहरु, स्थानीय निकायमा स्थापन भएको न्यायिक समिति तथा यसको अधिकार, विभिन्न समूहहरु निर्माण तथा संचेतना आदि सबैखाले गतिविधिहरु सरकारी तथा गैरसरकारी निकायहरुले सञ्चालन गरेर नै केही सकारात्मक उपलब्धिहरु भएका छन् तर समयसापेक्ष यति कार्यहरु नै भने काफी पक्कै छैनन् । प्रभावकारी रणनीतिका साथ योजनाहरु निर्माण गरी सबैको सहभागितामा दिगो किसिमका सेवा र संचेतनामूलक गतिविधिहरु सञ्चालन गर्ने, आर्थिक आयआर्जनका गतिविधिहरुमा जोड दिने, रोजगारीका अवसरहरु प्रशस्त खुलाउने, सीपमूलक र क्षमता अभिबृद्धि जस्ता कार्यक्रमहरु लागु गर्ने, शिक्षा, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने, नीति नियम कार्यान्वयन तथा कानुनी सचेतना जस्ता यावत विषयहरुलाई सम्बोधन गर्न सके हाम्रै पालामा समावेशी र हिंसारहित समाज देख्न र भोग्न पाइने छ यसका लागि सबैको प्रयास निरन्तर हुनु जरुरी छ भने अझ धेरै घरबाटै शुरु गर्नु अनिवार्य छ । हामी सबैको घरमा महिला हिंसा का साथै लैङ्गिक हिंसा हुन दिनेछैनौ यसमा हामी सबैको ऐक्यबद्धता तथा प्रतिबद्धता जरुरी छ ।

## २. कानूनी व्यवस्थामा भूमिका

•**स्थानीय कानून कार्यान्वयन**: लैङ्गिक हिंसाविरुद्धका राष्ट्रिय कानुन (जस्तै, घरेलु हिंसा ऐन, मानव बेचबिखनविरुद्धको ऐन) कार्यान्वयन गर्न निगरानी गर्ने।
•**मध्यस्थता र न्यायसम्म पहुँच**: पीडितहरूको उजुरी दर्ता गर्ने, सहजीकरण गर्ने, र न्यायिक प्रक्रियामा सहयोग गर्ने।
•**हेल्प डेस्क र महिला सेवा कक्षहरू स्थापना**: पीडितहरूले सहज रूपमा मद्दत खोज्न सक्ने ठाउँ स्थापना गर्ने।

नेपालमा **नगरपालिका, संघसंस्था** र सम्बन्धित **जनप्रतिनिधिहरूको भूमिका** लैङ्गिक हिंसा न्यूनीकरण र व्यवस्थापनमा निकै महत्वपूर्ण छ। स्थानीय सरकार र जनप्रतिनिधिहरू आफ्नो अधिकार क्षेत्रभित्र कानून कार्यान्वयन, सचेतना, र सेवा प्रवाहका जिम्मेवार पक्ष हुन्। उनीहरूको भूमिकालाई विभिन्न क्षेत्रहरूमा यसरी वर्गीकृत गर्न सकिन्छ:

## ३. सेवा प्रवाहमा भूमिका

➢**रोजगारी र आत्मनिर्भरता**:
- महिलाहरूलाई सीप विकास तालिम र स्वरोजगारका अवसरहरू उपलब्ध गराउने।
- महिला उद्यमशीलतालाई प्रोत्साहन गर्न आर्थिक सहयोग र अनुदान कार्यक्रम सञ्चालन गर्ने।

➢**नेतृत्वमा प्रोत्साहन**: महिलाहरूलाई स्थानीय तहमा निर्णय प्रक्रियामा सहभागी गराउन प्रेरित गर्ने।

## ५. समुदायस्तरको सहकार्यमा भूमिका

- **समुदायसँग सहकार्य**: स्थानीय समुदाय, गैरसरकारी संस्था (NGO), र नागरिक समाजसँग सहकार्य गरेर हिंसाको न्यूनीकरणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने।
- **समन्वय र निगरानी**: अन्य निकायहरूसँग समन्वय गरी हिंसाविरुद्धका कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्ने

## ६. प्रणाली सुधार र अनुगमनमा भूमिका

- **डेटाबेस निर्माण**: स्थानीय तहमा लैङ्गिक हिंसाका घटनाको तथ्यांक संकलन र विश्लेषण गरी प्रभावकारी योजना निर्माण गर्ने।
- **घटनाको नियमित अनुगमन**: हिंसाका घटनाहरूको प्रगति विवरण हेर्ने र दोषीलाई कानूनी दायरामा ल्याउन पहल गर्ने।
- **वार्षिक समीक्षा**: कार्यक्रमहरूको समीक्षा गरी भविष्यका रणनीति तय गर्ने।

## नेपालमा लैङ्गिक हिंसा बिरुद्ध बनेका कानुनी प्राबधानहरु

### १. नेपालको संविधान २०७२

- **समता र गैरभेदभाव**:
  - धारा १८: सबै नागरिकलाई समानताको हक।
  - धारा ३८: महिलाको हकलाई विशेष सुरक्षा। यौन हिंसा, दाइजो प्रथा, र अन्य हानिकारक परम्पराविरुद्ध संरक्षण।
  - धारा ३९: बालबालिकाको हक, जसले उनीहरूलाई शोषण र हिंसाबाट बचाउने सुनिश्चित गर्छ।
- **न्यायको पहुँच**: संविधानले लैङ्गिक हिंसाका पीडितहरूलाई न्यायिक उपचारको हक प्रदान गर्दछ।

## २. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६

- **परिभाषा**: शारीरिक, मानसिक, आर्थिक, र यौनजन्य हिंसालाई घरेलु हिंसाको रूपमा परिभाषित गर्छ।
- **कारबाही र सजाय**: घरेलु हिंसाको उजुरीका आधारमा कानुनी कारबाही र दोषीलाई जरिवाना वा कैदको सजाय।
- **पीडितको संरक्षण**: सुरक्षाको लागि अस्थायी आदेश जारी गर्न, परामर्श सेवा प्रदान गर्न, र पुनर्स्थापनाको व्यवस्था।

## ३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

- **परिभाषा**: मानव बेचबिखन र जबरजस्ती श्रम, यौन शोषण, र अंग बेचबिखनलाई अपराधको रूपमा परिभाषित।
- **सजाय**: दोषीलाई १०-१५ वर्षसम्म कैद र जरिवाना।
- **पुनर्स्थापना सेवा**: पीडितहरूको उद्धार र पुनर्स्थापनाको व्यवस्था।

## ४. महिला हिंसा निवारण सम्बन्धी निर्देशिका, २०६७

- **पीडितको संरक्षण**: हिंसाका पीडितलाई कानुनी सहायता, परामर्श, र सुरक्षित आश्रय प्रदान गर्ने।
- **समन्वय समिति**: स्थानीय तहमा महिला हिंसा निवारण समिति गठन गरी प्रभावकारी रोकथाम र समाधान।

## ५. बाल विवाह रोकथाम ऐन, २०७५

- **विवाहको न्यूनतम उमेर**: २० वर्ष पूरा नभएसम्म विवाहलाई अवैध ठहर गर्ने।
- **कारबाही**: बालविवाह गराउने वा सहभागी गराउनेलाई कैद वा जरिवाना।

## ६. बलात्कार तथा यौन हिंसा सम्बन्धी कानुन (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४)

- **दण्ड सजाय**: बलात्कारका दोषीलाई अपराधको गम्भीरता हेरी ७ देखि २० वर्षसम्म कैद।
- **यौन दुर्व्यवहार**: सार्वजनिक स्थानमा यौन दुर्व्यवहार वा दुर्व्यवहार गर्ने कार्य दण्डनीय।
- **बाल यौन शोषण**: बालबालिकामाथि यौन दुर्व्यवहारलाई कडा अपराधको रूपमा परिभाषित।

## ७. काम गर्ने ठाउँमा यौन दुर्व्यवहार (निवारण) ऐन, २०७१

- **कार्यस्थलमा संरक्षण**: कुनै पनि प्रकारको यौन दुर्व्यवहार वा शोषण कार्य गैरकानुनी।
- **शिकायत समिति**: संस्थागत तहमा यौन दुर्व्यवहार उजुरीको लागि समिति गठन अनिवार्य।
- **सजाय**: दोषीलाई जरिवाना वा अन्य कानुनी कारबाही।

## १. उजुरी र न्यायको प्रक्रियाहरू

- **उजुरी दर्ता**:
  - पीडितले प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र, वा स्थानीय न्यायिक निकायमा उजुरी दर्ता गर्न सक्छन्।
  - उजुरी दर्ता गर्दा प्रमाण (जस्तै, स्वास्थ्य प्रतिवेदन, साक्षी) संकलनमा सहयोग गरिन्छ।
- **स्थानीय तहको भूमिका**:
  - जनप्रतिनिधिहरू, महिला हिंसा निवारण समिति, र समुदायस्तरका संस्थाले उजुरी समाधान गर्न सहयोग गर्ने।
- **न्यायिक प्रक्रियामा सहयोग**:
  - पीडितलाई कानुनी सहायताको लागि सरकारी वकिल उपलब्ध गराइने।
  - घटनाको प्रकृति अनुसार प्रहरी वा अदालतमा मुद्दा दायर गरिने।

## ८. कसूरजन्य हिंसा तथा अपहरण ऐन, २०७९ (दण्ड सजाय ऐन)

- **हिंसाजन्य अपराधको परिभाषा र सजाय**: हिंसात्मक अपराधहरूलाई वर्गीकृत गरी दोषीमाथि कडा कानुनी कारबाहीको प्रावधान।

## ९. साइबर क्राइम ऐन, २०६३ (विद्युतीय कारोबार ऐन)

- **साइबर हिंसा**: सामाजिक सञ्जाल वा इन्टरनेटमार्फत गरिने लैङ्गिक दुर्व्यवहारलाई अपराधको रूपमा परिभाषित।
- **कारबाही**: दोषीलाई ५ वर्षसम्म कैद वा जरिवाना।

## २. पीडितका लागि संरक्षण र सहायता

- **सुरक्षित आश्रय (सेफ हाउस)**:
  - पीडितको तत्काल सुरक्षा सुनिश्चित गर्न सरकार र गैरसरकारी संस्थाले सुरक्षित आवासको व्यवस्था गरेका छन्।
- **मनोवैज्ञानिक परामर्श**:
  - हिंसा भोगेका व्यक्तिहरूलाई मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने।
- **आर्थिक सहायता**:
  - हिंसाका कारण प्रताडित व्यक्तिलाई पुनर्स्थापना गर्न आर्थिक सहयोग।

# कानूनी उपचारका ब्यबस्थाहरु

## ३. विशेष कानुनी प्रावधानहरू

- **घरेलु हिंसा पीडितको अधिकार**:
  - घरेलु हिंसाका पीडितले क्षतिपूर्ति, संरक्षण आदेश, र आवश्यक उपचार पाउने हक राख्दछन्।
  - प्रहरी वा अदालतले तत्काल सुरक्षा आदेश जारी गर्न सक्छ।
- **बलात्कार तथा यौन हिंसा पीडितको अधिकार**:
  - बलात्कार वा यौन हिंसाका घटनामा दोषीलाई कानुनी दायरामा ल्याउन कडा सजायको व्यवस्था।
  - पीडितलाई गोपनीयता कायम गर्दै न्याय दिलाउने प्रक्रिया।
- **बाल विवाह र मानव बेचबिखन पीडितको संरक्षण**:
  - मानव बेचबिखनका पीडितलाई उद्धार गरी पुनर्स्थापनाको व्यवस्था।

## ४. सहयोग र पुनर्स्थापना

- **महिला सेवा केन्द्र**:
  - प्रत्येक जिल्लामा स्थापना भएका सेवा केन्द्रहरूले हिंसाका पीडितलाई सहायता उपलब्ध गराउँछन्।
- **हेल्पलाइन सेवा**:
  - २४/७ सेवा प्रदान गर्ने महिला तथा बालबालिका कार्यालयले हेल्पलाइन सञ्चालन गरेका छन्। (जस्तै, टोल फ्रि नम्बर १०९८)।
- **सामुदायिक परामर्श केन्द्रहरू**:
  - स्थानीय तहमा सामुदायिक परामर्श केन्द्र स्थापना गरी हिंसाका घटना रोक्न र समाधान गर्न पहल गर्ने।

## ८. सजायका प्रावधानहरू

- दोषीलाई सजायका लागि विभिन्न कानुनमा प्रावधान छन्:
  - बलात्कारका लागि ७ देखि २० वर्षसम्म कैद।
  - घरेलु हिंसाका लागि जरिवाना वा कैद।
  - मानव बेचबिखनका लागि १०-१५ वर्षसम्म कैद र जरिवाना।
  - यौन दुर्व्यवहारका लागि जरिवाना वा कैद।

## ५. फौजदारी न्याय प्रणाली

- **प्रहरीको अनुसन्धान**:
  - प्रहरीले हिंसाको उजुरी दर्ता गरेपछि प्रमाण संकलन, प्रतिवेदन तयार गर्ने, र मुद्दा अघि बढाउने।
- **अदालतको प्रक्रिया**:
  - अदालतले पीडितको उजुरीको आधारमा मुद्दा सुनुवाइ गर्ने र दोषीलाई दण्ड दिने।
- **वैकल्पिक विवाद समाधान**:
  - साना विवाद समाधान गर्न मध्यस्थता र मिलापत्र प्रक्रियाको प्रयोग।

नेपालमा **लैङ्गिक हिंसा** र यसका कानुनी, सामाजिक, तथा संरचनात्मक पक्षमा **समसामयिक छलफलहरू** धेरैजसो हिंसाको व्यापकता, रोकथामका उपायहरू, र न्यायिक प्रक्रियाको प्रभावकारितामा केन्द्रित छन्। यी छलफलले नेपालको सामाजिक रूपान्तरण, लैङ्गिक समानताको प्रयास, र कानून कार्यान्वयनका कमजोरीहरू उजागर गर्छन्।

## १. लैङ्गिक हिंसाको वर्तमान अवस्था र आँकडा

- **वृद्धि भएका घटनाहरू**:
  - बलात्कार, घरेलु हिंसा, र यौन दुर्व्यवहारका घटनामा वृद्धि भइरहेको छ।
  - **महिला पुनःस्थापना केन्द्र (WOREC)** र अन्य संस्थाहरूको तथ्यांक अनुसार, हिंसाका घटनाहरू दर्ता भए पनि धेरैजसो उजुरीहरू समाजमा दबाइने गरेका छन्।
- **कोभिड-१९ महामारीको प्रभाव**:
  - महामारीको अवधिमा घरेलु हिंसाका घटनामा उल्लेखनीय वृद्धि।
  - पीडितहरूको न्यायमा पहुँच थप कठिन भयो।

## ६. पुनर्स्थापनाका कार्यक्रमहरू

- **सीप विकास र स्वरोजगार कार्यक्रम**:
  - हिंसाबाट प्रभावित महिलाहरूलाई आत्मनिर्भर बनाउने तालिम प्रदान गरिन्छ।
- **शिक्षा र पुन: एकीकरण**:
  - बालबालिकाका लागि शिक्षाको पहुँच सुनिश्चित गर्ने, र समाजमा पुन: एकीकरण गर्ने।

## ७. कानुनी सहायताका संस्थाहरू

- **महिला तथा बालबालिका कार्यालय**:
  - हिंसाका घटनाहरूलाई सम्बोधन गर्ने र सहायताका उपायहरू प्रदान गर्ने।
- **नागरिक समाज र गैरसरकारी संस्था (NGOs):**
  - कानुनी सहायता, पुनर्स्थापना सेवा, र परामर्श प्रदान गर्ने।

## २. समाजमा पितृसत्तात्मक सोच र यसको प्रभाव

- **पारम्परिक सोच:**
  - महिलाहरू घरेलु भूमिकामा सीमित हुनुपर्छ भन्ने सोच अझै बलियो छ।
  - पीडितलाई नै दोष दिने संस्कार (Victim Blaming)।
- **पुरुषप्रधान मानसिकता:** लैङ्गिक समानताका कानून बने पनि व्यवहारिक परिवर्तन हुन कठिन छ।

## ३. कानून कार्यान्वयनका चुनौतीहरू

- **ढिलासुस्ती र प्रभावहीनता:**
  - प्रहरी र न्यायिक प्रणालीमा प्रक्रियागत ढिलाइ।
  - पीडितको उजुरीको उचित अनुसन्धान र कारबाहीमा कमी।
- **सूचना अभाव:**
  - धेरै मानिसहरू कानूनी अधिकार र सेवाबारे अनभिज्ञ छन्।
  - दुर्गम क्षेत्रमा कानूनी सहायता पाउन कठिन।
- **दण्डहीनताको समस्या:**
- दोषीलाई सजाय दिन नसक्दा हिंसाका घटना दोहोरिने।

## ६. लैङ्गिक समानताका लागि वैकल्पिक उपायहरू

- **सीप विकास र आर्थिक सशक्तीकरण:**
  - महिलालाई स्वरोजगार र उद्यमशीलताका अवसर प्रदान गर्नु।
- **पुरुषहरूको सहभागिता:**
  - लैङ्गिक समानता र हिंसाविरुद्धका अभियानमा पुरुषहरूको सक्रियता आवश्यक।
- **समुदायस्तरको सहकार्य:**
  - स्थानीय समुदाय, गैरसरकारी संस्था, र सरकारबीच समन्वय बलियो बनाउने।

## ४. सामाजिक सुधार र सचेतनाका पहलहरू

- **शिक्षा र सचेतना अभियान:**
  - लैङ्गिक समानता, यौन हिंसाविरुद्धका कार्यक्रम, र सामुदायिक सुधारका प्रयास।
  - विद्यालयस्तरमा यौन शिक्षा र लैङ्गिक समानताबारे पाठ्यक्रम समावेश गर्ने पहल।
- **सामाजिक अभियानहरू:**
  - सामाजिक सञ्जालमा #MeToo अभियान, यौन हिंसाका घटनालाई उजागर गर्ने।
- महिला अधिकारकर्मी र गैरसरकारी संस्थाहरूको सक्रियता।

## ७. भर्खरैका कानूनी परिवर्तनहरू र बहसहरू

- **बलात्कार मुद्दामा हदम्याद हटाउने निर्णय:**
  - अदालतले बालबालिकाविरुद्धको बलात्कार मुद्दामा हदम्याद लागू नगर्ने निर्णय गर्‍यो, जसले सकारात्मक प्रतिक्रिया पाएको छ।
- **साइबर हिंसाका कानूनी प्रावधान:**
  - सामाजिक सञ्जालमा महिला र लैङ्गिक अल्पसंख्यकविरुद्धका हिंसालाई रोक्न विद्युतीय कारोबार ऐनलाई परिमार्जन गर्ने पहल।
- **यौन दुर्व्यवहारको परिभाषा विस्तार गर्ने बहस:**
  - यौन हिंसाका विविध स्वरूपलाई कानूनमा समेट्ने प्रयास भइरहेको छ।

## ५. स्थानिय तहको भूमिका र चुनौतीहरू

- **स्थानीय सरकारको सक्रियता:**
  - महिला हिंसा न्यूनीकरण समिति, हेल्प डेस्क, र सेफ हाउस स्थापना।
  - कानूनी सहायता र पुनर्स्थापनाका सेवा प्रवाह।
- **चुनौतीहरू:**
  - स्रोत-साधनको अभाव।
- स्थानीय जनप्रतिनिधिहरूको असंवेदनशीलता र सीमित ज्ञान।

## ८. भविष्यका सुधारका उपायहरू

- **कानूनी प्रक्रियामा सरलता:**
  - पीडितलाई सहज न्याय प्राप्त हुने प्रक्रिया सुनिश्चित गर्ने।
- **पुनर्स्थापना केन्द्रको विस्तार:**
  - दुर्गम क्षेत्रमा सेफ हाउस र पुनर्स्थापनाका सेवा विस्तार।
- **न्यायिक जवाफदेहिता:**
  - हिंसाका मुद्दाहरूको प्रभावकारी अनुसन्धान र दोषीलाई छिटो सजाय।
- **बालिका र किशोरी संरक्षण:**
- विद्यालय र समुदायमा किशोरीमाथि हुने हिंसा रोक्न विशेष कार्यक्रम।

## निष्कर्ष

- समसामयिक छलफलले देखाएको छ कि कानुन मात्रै पर्याप्त छैन; समाजको सोच परिवर्तन र व्यवहारिक कार्यान्वयन अझ महत्वपूर्ण छ। स्थानीय सरकार, समुदाय, र कानूनी निकायबीचको सहकार्यले मात्र लैङ्गिक हिंसाको स्थायी समाधान दिन सक्छ।

# धन्यावाद

लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र
**One-Stop Crisis Management Center (OCMC)**
अवधारणा

## One-Stop Crisis Management Center (OCMC)

- शुरुवात २०६८/६९ देखी
- आ.व. २०७४/७५ देखी धनकुटा जिल्लामा शुरुवात गरिएको

## उद्धेश्य

- OCMC को अवधारणा र स्थापना पृष्ठभूमि बुझाउने।
- OCMC द्वारा प्रदान गरिने प्रमुख सेवा क्षेत्रहरूको स्पष्ट जानकारी दिनु।
- OCMC को सेवा प्रवाह प्रक्रिया (Flow Process) लाई चरणबद्ध रूपमा व्याख्या गर्नु।
- स्थानीय तहमा OCMC को सञ्चालनमा संलग्न समितिहरू र तिनीहरूको भूमिकाबारे जानकारी दिनु।
- प्रभावित व्यक्तिले सेवा प्राप्त गर्ने सम्पूर्ण प्रणालीप्रति सहभागीहरूलाई सचेत र सम्वेदनशील बनाउनु।

## एकद्वार संकट व्यवस्थापन केन्द्रको उद्देश्य

लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गरी हिंसा **प्रभावितहरुलाई स्वास्थ्य उपचार लगायत अन्य** आवश्यक सेवाहरु एकीकृत रुपमा उपलब्ध **गराउने व्यवस्था मिलाई लैङ्गिक हिंसा नियन्त्रणमा** योगदान पुर्‍याउने ।

## लैङ्गिक हिंसाका प्रकारहरु

१) बलात्कार

२) यौनजन्य दुर्व्यवहार

३) शारीरिक हिंसा


४) जवर्जस्ती विवाह

५) अधिकारबाट वञ्चित

६) मानसिक हिंसा

## मार्गदर्शक सिद्धान्त

- बिना भेदभाव सबै हिंसा पीडित वा प्रभावितलाई स्वास्थ्य सेवा, कानूनी उपचार, सुरक्षा, सुरक्षित आवास, पुनर्स्थापना तथा अन्य आवश्यक परामर्श सेवा एकद्वार-प्रणालीमार्फत उपलब्ध हुने कुरा सुनिश्चित गर्ने ।
- लैङ्गिक हिंसा पीडित वा प्रभावितले बारम्बार सम्बन्धित निकायमा घटना विवरणदोहोर्‍याउन नपर्ने र पुन: मानसिक पीडा सहनुपर्ने अवस्थाकोअन्त्य गर्ने ।
- सेवाप्रवाहमा एकद्वार-प्रणाली कायम गर्ने ।
- लैङ्गिक हिंसा पीडितहरूको एकीकृत व्यवस्थापनका लागि स्थानीय तह, सम्बन्धित निकाय र संस्थाहरूबीच साझेदारी एवम् सहकार्य गर्ने ।
- लैङ्गिक हिंसा पीडित वा प्रभावितकोसुरक्षा तथा गोपनीयता कायम राख्ने।
- सबै सरोकारवालाहरूको सहभागितामा आचारसंहिता तयार गरी सोको पालना गर्ने र गराउने ।




**क्रमश..........**

- सशस्त्र द्वन्द्व तथा प्राकृतिक विपद्का कारण हिंसामा परेका र पर्नसक्ने महिला वा बालबालिका,
- एच.आई.भी. तथा एड्सबाट संक्रमित भई लैङ्गिक हिंसाबाट प्रभावित महिला वा बालबालिका,
- मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएको कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र अवस्थामा जीवन जिउन वाध्य महिला तथा बालबालिका ।

## केन्द्रबाट प्रदान गरिने सेवाहरु

बहुपक्षीय संयोजन प्रकृयाद्वारा प्रदान गरिने सेवाहरु:

- स्वास्थ्य उपचार,
- चिकित्साजन्य प्रमाण संकलन एवं संरक्षण,
- मानसिक एवम् मनोसामाजिक परामर्श
- सुरक्षा (District Police)
- आश्रय (MOWCSW established Safe Homes & Rehab Centers)
- कानुनी उपचार (District Attorney, District Bar Associaltion)
- पुनर्स्थापना (CDO, Other Govt Agencies and NGOs/CSOs)

## लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समिति

- **जिल्ला समन्वय समितिको प्रमुख — अध्यक्ष**
- **जिल्ला समन्वय समितिको उप-प्रमुख — सदस्य**
- **सम्बन्धित अस्पताल विकास समितिको अध्यक्ष — सदस्य**
- **जिल्लाभित्र रहेका सबै गाउँपालिकाका उपाध्यक्ष र नगरपालिकाका उप-प्रमुखहरू — सदस्य**
- **जिल्ला समन्वय अधिकारी — सदस्य-सचिव**

## सेवा दिनुपर्ने व्यक्ति र समूह

- सबै किसिमका लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति,
- मानव बेचविखन तथा ओसारपसारमा परी हिंसामा परेका महिला वा बालबालिका,
- लैङ्गिक हिंसाको जोखिमा रहेका वेवारिसे एवं शारीरिक तथा मानसिकरुपले अशक्त महिला तथा बालबालिका,
- लैङ्गिक हिंसापीडित एकल महिला, अपांगता भएका महिला, बालबालिका वा ज्येष्ठ नागरिक महिला,

## सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार

- लैङ्गिक हिंसाविरुद्धका प्रतिकारात्मक प्रबर्द्धनात्मक, उपचारात्मक तथा पुनर्स्थापनासम्बन्धी कार्यहरू गर्न लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समितिलाई नीतिगत निर्देशन दिने ।
- लैङ्गिक हिंसा व्यवस्थापनसम्बन्धी कार्यहरूलगायत एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको अनुगमन गरी आवश्यक निर्देशन दिने ।
- एकद्वार संकट व्यबस्थापन केन्द्रकोसुदृढीकरण गर्न तथा अल्पकालीन आवास गृह एवम् पुनर्स्थापना केन्द्र सञ्चालनका लागि आवस्यक वित्तीय स्रोतको व्यबस्थापन गर्ने ।

## लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समिति

- प्रमुख जिल्ला अधिकारी — अध्यक्ष
- जिल्ला समन्वय अधिकारी — सदस्य
- केन्द्र रहेको तहको महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य
- जिल्ला प्रहरी प्रमुख — सदस्य
- जिल्ला न्यायाधिवक्ता — सदस्य
- जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख — सदस्य
- मामला व्यवस्थापन समितिको संयोजक — सदस्य
- नेपाल वार एशोसियसन जिल्ला एकाईका अध्यक्ष — सदस्य
- महिला तथा बालबालिका तथा जेष्ठ नागरिक सेवा प्रमुख, जिल्ला प्रहरी कार्यालय — सदस्य

## समन्वय समितिको काम, कर्तव्य र अधिकार (क्रमशः)

- केन्द्रबाट प्रदान हुने सेवाको सुनिश्चितताका लागि थप आर्थिक श्रोतको व्यवस्था गर्ने । विभिन्न निकायहरुको सहयोगमा लैङ्गिक हिंसा पुनर्स्थापना कोष स्थापना गर्ने ।
- यौनजन्य हिंसाबाट प्रभावित वालिकां + किशोरीहरुलाई आवाशीय शिक्षाका लागि जिल्लास्थित निकायहरुसँग समन्वय गरी व्यवस्था मिलाउने ।
- लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुको थप सेवा एवमं पुनर्स्थापन गर्नु परेमा स्थानीय तहसँग समन्वय गर्ने ।
- लैङ्गिक हिंसा एकिकृत वार्षिक कार्ययोजना तयार गरी सो कार्ययोजना कार्यान्वयन एवम उपलब्धीको बारेमा चौमासिक समिक्षा गर्ने ।

## लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समिति

- लैङ्गिक हिंसासम्बन्धी कार्य गर्ने गैससका प्रतिनिधिमध्येबाट (२ जना) सदस्य
- सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्रका प्रमुखहरु (२ जना) सदस्य
- सङ्कट व्यवस्थापन केन्द्रको सम्पर्क व्यक्ति — सदस्य
- अस्पताल प्रमुख - सदस्य-सचिव

*सम्वन्धित जिल्लामा लैङ्गिक हिंसाका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय नियोग तथा परियोजनाहरुलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।*

## मामिला व्यवस्थापन समिति

- एकद्वार संकट व्यवस्थापन केन्द्र प्रमुख (चिकित्सक वा मेडिकल अधिकृत) — संयोजक
- फरेन्सिक विशेषज्ञ /मेडिको लिगलबाट तालिम प्राप्त चिकित्सक — सदस्य
- जिल्ला न्यायाधिवक्ता कार्यालयको अधिकृत प्रतिनिधि — सदस्य
- केन्द्र रहेको स्थानीय तहको स्वास्थ्य तथा सामाजिक शाखा प्रमुख — सदस्य
- अस्पतालको आकस्मिक विभाग प्रमुख — सदस्य
- अस्पतालको नर्सिङ प्रमुख — सदस्य
- जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका तथा जेष्ठ नागरिक सेवा एकाइ प्रमुख — सदस्य
- सुरक्षित आवासगृह/पुनर्स्थापना केन्द्रको प्रमुख — सदस्य
- एकद्वार व्यवस्थापन केन्द्रको सम्पर्क व्यक्ति — सदस्य सचिव

## समन्वय समितिको काम, कर्तव्य र अधिकार

- **केन्द्रलाई** मार्गदर्शन, समन्वय र संरक्षण ।
- हिंसा पीडितहरुको मामलामा छलफल, मेलमिलाप, पुनर्स्थापना तथा अदालतमा पठाउन निर्णय र कार्यान्वयन गर्न सहजीकरणको भूमिका निर्वाह गर्ने ।
- केन्द्रबाट सम्पादित कार्यहरुको नियमित अनुगमन र समीक्षा गरी समस्याको समाधान गर्ने ।
- केन्द्रबाट प्राप्त हुने सेवाको प्रचार प्रसार एवं लैङ्गिक हिंसा विरुद्धमा जनचेतना वृद्धि गर्ने रणनीति तयार गर्ने ।

## मामिला व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

- असामान्य अवस्थाका लैङ्गिक हिंसाका घटना आएमा बैठक बसी व्यवस्थापन योजना बनाउने ।
- लैङ्गिक हिंसा प्रभावितका लागि उपचार, चिकित्साजन्य कानूनी प्रमाण एवं सोको सुरक्षाका लागि आवश्यक पर्ने औजार, उपकरण, औषधि आदिको व्यवस्थाका लागि जिल्ला समन्वय समितिमा अनुरोध गर्ने ।
- असामान्य/जटिल प्रकृतिको घटना भएको अवस्थामा अस्पताल प्रमुख समक्ष वा समन्वय समितिमा पेश गर्ने तर आकस्मिक अवस्थामा प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गरी जतिसक्दो चाँडो निर्णयमा पुग्ने ।

## मानव संसाधन

- अस्पतालमा कार्यरत जनशक्ति बाहेक थप जनशक्ति आवश्यक पर्ने भएमा समन्वय समितिको निर्णयानुसार सेवा करारमा स्टाफ नर्स भर्ना गर्न सकिनेछ ।
- सम्बन्धित अस्पतालले मौजुदा स्वास्थ्यकर्मीवाट देहाय वमोजिम जनशक्तिको व्यवस्था गर्नुपर्ने छ ।
  - मेडिकल अधिकृत (अस्पतालमा कार्यरत मध्येबाट) १ जना
  - अस्पतालमा कार्यरत स्टाफ नर्स FOCALPERSON १ जना

## Role of Medical professionals

- Emergency medical care
- Confidentiality and consent
- Medical documentation
- Forensic evidence collection
- Psychological first aid
- Referral services
- Health education and counseling
- Reporting and coordination

## मानव संसाधन

देहायका विषय विज्ञहरु टेलिफोन सम्पर्कमा (On Call) उपलव्ध हुने व्यवस्था मिलाउनु पर्नेः

- चिकित्सक (आवश्यकता र उपलब्ध भए अनुसार विषय विशेषज्ञ सहित),
- स्टाफ नर्स आवश्यकता अनुसार,
- **जिल्ला न्यायाधिवक्ता वा निजले तोकेको जिल्ला सरकारी वकिल कार्यालयको अधिकृतस्तरको प्रतिनिधि वा जिल्ला वार अधिवक्ता,**
- प्रहरी अधिकृत र आवश्यकता अनुसार अन्य दर्जाको प्रहरी जनशक्ति ।

## Emergency Medical Care

- Immediate treatment of physical injuries, wounds, and trauma.
- Management of sexual violence cases (e.g., post-rape care, STI prophylaxis, emergency contraception).

## OCMC सेवा प्रवाहको चरणहरू

- पहिचान: पीडितको पहिचान र प्राथमिक सहायता।
- सिफारिस: सम्बन्धित निकाय वा व्यक्ति मार्फत OCMC मा सिफारिस।
- सेवा प्रदान: स्वास्थ्य, परामर्श, कानुनी र सुरक्षा सेवा उपलब्ध गराउने।
- अनुगमन: सेवा प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन।
- पुनःस्थापना: पीडितको पुनःस्थापना र सामाजिक पुनःएकीकरणमा सहयोग।

## Confidentiality and Consent

- Ensuring informed consent before any examination or procedure.
- Guaranteeing privacy and confidentiality, especially during interviews and exams.

## Medical Documentation

- Proper documentation of injuries and findings on a medico-legal report.
- Maintenance of chain of custody when collecting forensic evidence.

## Referral Services

- Coordinating with police, legal, shelter, and social services.
- Ensuring continuity of care by referring to internal hospital departments or external partners.

## Forensic Evidence Collection

- Collection of evidence such as swabs, clothing, or biological samples in cases of sexual or physical assault.
- Ensuring proper labeling, sealing, and transfer to forensic labs if needed.

## Health Education, Counseling and rehabilitation


- Educating survivors about health risks, follow-up care, and safety planning.
- Providing guidance on reproductive health and infection prevention.

## Psychological First Aid


- Offering immediate support and comfort to stabilize emotional distress.
- Referral to counselors or psychiatrists if further psychological intervention is required.

## Reporting and Coordination

- Timely and accurate reporting to authorities (as per legal mandates).
- Participating in multi-sectoral case conferences for survivor management.
- Attending legal procedures as expert witness.





## २०८०/८१ vs २०८१/८२




## एकद्वार संकट ब्यबस्थापन केन्द्र

आ.व.२०८१।८२ को समिक्षा

## पीडक र पिडितको उमेर अनुसारको विभाजन




## क्रमश.....

- OCMC मा आ.व. २०८१/८२ मा ४० जनालाई सेवा प्रदान गरिएको

| Nature of Case | Number |
|---|---|
| Rape Cases | 21 |
| Sexual Abuse | 16 |
| Physical Assault | 3 |

- Out of 37 cases 21 were survivors of GBV and 16 were alleged perpetrators

## Role of Local Organizations, NGOs, and INGOs in GBV Response & Linkage with OCMC

Strengthening Multi-Sectoral Collaboration for GBV Survivors

## Role of Local Organizations, NGOs, & INGOs

- Community Awareness & Prevention
- Identification & Referral
- Psychosocial Counseling & Support
- Safe Shelter & Protection
- Economic Empowerment & Rehabilitation
- Legal Aid & Justice Support

## Psychosocial & Shelter Support

- Provide counseling before and after hospital visits.
- Operate safe homes for survivors at risk.
- Facilitate follow-up care after hospital discharge.

## Awareness & Prevention

- Conduct community education on GBV and rights.
- Engage men, boys, and community leaders.
- Organize school-based programs to prevent GBV.

## Economic Empowerment & Legal Support

- Offer vocational training and livelihood programs.
- Assist in accessing social services and government schemes.
- Provide paralegal services and help survivors access justice.

## Identification & Referral

- Identify GBV cases in the community.
- Refer survivors to the nearest OCMC for medical, legal, and psychosocial services.
- Train community volunteers and leaders on GBV referral pathways.

## Linking with OCMC

1. Formal Referral System
2. Joint Case Management
3. Training & Capacity Building
4. Resource Sharing
5. Data Sharing & Monitoring
6. Advocacy & Networking

## Referral & Joint Case Management

- Develop referral protocols and MoUs with OCMC.
- Participate in multi-sectoral case conferences.
- Follow up on cases after discharge.

## Conclusion

- Multi-sectoral coordination is essential for effective GBV response.
- NGOs, INGOs, and local organizations are key partners in survivor-centered care.
- Strong hospital-community linkages improve survivor safety, recovery, and justice.

## Training & Resource Sharing

- Joint training programs with OCMC staff.
- Provide essential supplies and emergency materials.
- Share technical expertise and funding support.

## OCMC संचालनको लागी भौतिक अबस्था

- १ कोठा सहितको भवनको ब्यबस्था
- परिक्षण कक्षका सामाग्री :– जाँच गर्ने टेवल १, अफीस टेवल १, दराज १, कम्प्युटर १,
- शौचालयको ब्यबस्थापन,
- बत्तीको ब्यबस्था
- टेलिफोन
- सामान्य चिकित्सक सामाग्रीहरुको ब्यबस्था
- उपचार सामग्रीहरुको ब्यबस्था :– (सामान्य औषधि, प.नि.सामग्री, खोप, टाका लगाउने (सिउने) आदि)
- कपडाहरुको ब्यबस्था :– (बिरामीले लगाउने, पिडितका कुनै लुगा च्यातिएमा वा दाग लागेमा फेर्न र स्यानेटरी प्याड )

## Data Sharing & Advocacy

- Share non-identifiable data for GBV trend analysis.
- Monitor service effectiveness.
- Advocate for policy reform and better survivor services.

| SWOT ANALYSIS (Done at beginning of FY 2081/82) | |
|---|---|
| **Strengths** | **Weaknesses** |
| 1. Trained doctors<br>2. Trained nurses<br>3. Trained Psychosocial counselors<br>4. Adequate budget allocation<br>5. Logistics availability<br>6. Dedicated staff | 1. One stop concept not materialised<br>2. lack of coordination with other stakeholders<br>3. Irregular meetings and discussions<br>4. Constricted space, limited privacy |
| **Opportunities** | **Threats** |
| 1. possibility for extension of promotive and preventive activities<br>2. strong NGO presence and interests<br>3. technology facilitating coordination | 1. Staff demotivation<br>2. Further space constriction<br>3. Skilled human resource jeopardized |

## आ.व २०८०/८१ को प्रगति

आ.व.२०८०।८१को स्वीकृत वजेट रु. १५,००,०००

**हालसम्मको खर्च**

१. तलव भत्ता चाड पर्व खर्च र पोशाक भत्ता - २,७०,०००।-

२ उपचार खर्च र अत्यावश्यक सेवा - १६,५४०।-

३. यातायात खर्च - २३,५००।-

४.अतिरिक्त सुबिधा - २९,२५० (१९५००+९७५०)

५. सामाग्री खरिद - १९,३९२।-

कुल जम्मा खर्च - ३५८६८२।-

| | विनियोजित खर्च शीर्षक र कृयाकलाप | विनियोजित खर्च शीर्षक र कृयाकलाप |
|---|---|---|
| १ | परामर्श सेवा (तलब, चाडपर्व खर्च र पोशाक भत्ता) | ४,६२,००० |
| २ | नियमित बैठक र समीक्षा (समितिको बैठक भत्ता र खाजा खर्च) | १,००,००० |
| ३ | उपचार खर्च (औषधी खरिद, बाह्य सेवा एवं अन्य उपचार) र आवश्यक सामाग्रि खरिद | १,००,००० |
| ४ | अत्यावश्यक सेवा खर्च (पीडितको खाना, कपडा, कुरुवा व्यक्तिको सेवा खर्च लगायत) | १,५०,००० |
| ५ | चिकित्सक, सम्पर्क व्यक्ति, आमन्त्रित बिषय बिज्ञको लागि अतिरिक्त सुविधा खर्च | ६०,००० |
| ६ | यातायात खर्च (पीडितलाई अस्पतालसम्म आउने जाने खर्च, आवश्यकतानुसार एम्बुलेन्स खर्च समेत) | ५०,००० |

## आ.व २०८१/८२ को प्रगति

आ.व.२०८१।८२ को स्वीकृत वजेट रु. १५,००,०००

**हालसम्मको खर्च**

१. तलव भत्ता चाड पर्व खर्च र पोशाक भत्ता - ४,३४,०३०।-

२ उपचार खर्च र अत्यावश्यक सेवा + यातायात खर्च = ५०,०००।- *

३.अतिरिक्त सुबिधा - १८००।-


४. सामाग्री खरिद - ०।- *

कुल जम्मा खर्च - ४,८५,८३०।-

| | विनियोजित खर्च शीर्षक र कृयाकलाप | विनियोजित खर्च शीर्षक र कृयाकलाप |
|---|---|---|
| ७ | रेफरल खर्च (पिडित र अभिभावक÷सहयोगीलाई यातायात एवं खाना खर्च, पिडितको अन्य अस्पतालमा उपचारका लागि खर्च ) | १,५०,००० |
| ८ | कार्यालय खर्च (टेलीफोन, संचार र स्टेशनरी खर्च) | २५,००० |
| ९ | पिडीतको उद्धार, राहत एवं पुनर्स्थापना खर्च ( जीविकोपार्जन, क्षमता विकास, सशक्तिकरण, व्यवसायीक तालिम, बालबालिकाका लागि शिक्षा, समीक्षा गोष्ठी लगायत) | १,००,००० |
| १० | अस्पतालका कर्मचारी एवं स्वास्थ्यकर्मीको क्षमता विकास | ५०,००० |
| ११ | प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक कार्यक्रम | २८,००० |
| १२ | केन्द्र सुदृढीकरण खर्च | २,२५,००० |
| | जम्मा | १५,००,००० |

## गत आ.व २०८१/८२ को प्रगति

- उपचार खर्च सामाग्री खरिद : नि:शुल्क बाहेकका औषधी समेत नि:शुल्क प्रदान गरिने ।
- अत्यावश्यक सेवा : पुनर्स्थापनामा सहयोग गर्ने क्षेत्रहरु समन्वय समितिबाट निर्णय गर्नुपर्ने । पुनर्स्थापना अर्न्तगत बिउ पुँजी, सीप विकास तालिम, बालबालिकाका लागि शिक्षा, व्यवसायिक तालिम, केन्द्रमा खान बस्न लाग्ने खर्च आदि हुने ।



## Thank You

- “Together, we can create safer communities.”
- Questions / Discussions?

# लैंगिक हिंसा सम्बन्धी सचेतनामुलक कार्यक्रम

प्रस्तुतकर्ता:

प्र.स.नि. उमेश बस्नेत

जिल्ला प्रहरी कार्यालय, धनकुटा

## लैंगिक हिंसाको परिचय

- लैंगिकतामा आधारित रहेर गरिने हिंसा जसमा शारीरिक, मानसिक, यौनिक रुपले पीडा दिने वा पीडा पुर्याउने खालका सम्पुर्ण व्यवहारहरु लैङ्गिक हिंसा अन्तर्गत पर्दछन् । साथै त्यस्ता कार्यहरु गर्न डर, धम्की दिने व्यवहारदेखि व्यक्तिको आधारभूत स्वतन्त्रता खण्डित गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहार पर्दछन् ।
- महिला विरुद्धका हिंसा पनि भनिन्छ ।
- मानव अधिकारको उलंघन हो ।

**प्रस्तुतीकरणका विषयवस्तुहरू**

१ लैंगिक हिंसाको परिचय

२ लैंगिक हिंसाका प्रकार, कारण, प्रभाव र स्वरुपहरु

३ धनकुटा जिल्लाको लैंगिक हिंसाको वर्तमान अवस्था

४ लैंगिक हिंसा सम्बन्धी कानूनी व्यवस्था

## लैंगिक हिंसाका प्रकारहरु

### सॉंस्कृतिक हिंसा

धर्म र संस्कृतिको आधार लिई महिला माथि गरिने हिंसाहरु

- महिलालाई अलग्याउने, हिंँडडुलमा सीमित गर्ने, मन्दिरमा चढाउने जस्ता कार्यहरु ।
- महिनावारी हुँदा अलग्याउने, छाउपडीमा राख्ने ,
- सुत्केरी हुँदा खानामा बन्देज लगाउने जस्ता विभिन्न प्रकारका प्रचलनहरु ।
- बलविवाह, बहुविवाह जस्ता अपराधहरु ।
- विधुवा भएकै कारण गरिने दुर्व्यबहार र अपराधहरु ।
- बोक्सीको नाममा दिइने यातनाहरु ।
- महिलाले जबरजस्ती ब्रत बस्नुपर्ने धार्मिक प्रचलनहरुका साथै अन्य विभिन्न प्रकारका विभेदहरु ।

के हो हिंसा ?

के हो लैंगिक हिंसा ?

### मानसिक हिंसा

भेदभाव गर्ने, नपढाउने, बिरामी भए भने औषधि नगर्ने, अपशब्द बोल्ने, धम्क्याउने, अरुका अगाडि होच्याउने, हेला गर्ने दाइजो ल्याएन भनेर हेप्ने, निचो देखाउने,

आमाबुबाको नाम लगाएर गाली गर्ने बाबुआमा, छोराछोरी वा अरुका अगाडि गाली गर्ने जस्ता विभिन्न मानसिक रुपले पीडा पुर्याउने कार्यहरु ।

## यौनिक हिंसा

महिलाको यौनिकतालाई खण्डित गर्ने गरी गरिने हिंसाहरु

❑ इच्छाविपरीत जर्बजस्ती यौनाङ्गहरु छुने

❑ जिस्काउने

❑ सार्वजनिक यातायातमा हिंड्दा यौनाङ्गहरु लक्षित गरी घचेट्ने, सिटी बजाउने

❑ जबरजस्ती यौन पेशामा लगाउने

❑ बलात्कार, वैवाहिक जीवनभित्र बलात्कार ।

## लैङ्गिक हिंसाको वास्तविकता

हाम्रो जस्तो समाजमा शत् प्रतिशत महिला नै लैङ्गिक हिंसाको मारमा ।

८३% रिर्पाट नहुने र लुकाईने

१७% नातेदार र साथीलाई भनिने

५% ले कानुनी उपचार खोज्ने

## शारीरिक हिँसा

- महिला लाई महिला भएकै कारण कुटपिट गर्ने,
- जगल्ट्याउने, एसिड खन्याउने, जलाउने, बिरामी हुँदा औषधि नगर्ने, अङ्गभङ्ग गर्ने,
- दाइजोका कारणले कुटपिटगर्ने, जलाउने जस्ता विभिन्न प्रकारले पीडादिने कार्यहरु ।

## किन बाहिर आउँदैन ?

- सामाजिकिकरण
- लाज, इज्जतको सवाल
- भविष्यको चिन्ता
- आर्थिक आत्मनिर्भरता
- गर्ने नजिककै आफन्त ( ८०% भन्दाबढी )

## लैङ्गिक हिँसाको सन्दर्भ  किन महिलामा केन्द्रित ?
## के पुरुषमाथि हिँसा हुँदैन ?

- हिँसाको मारमा बालिका र महिला नै संसार भरिका १९ देखि ४४ वर्ष सम्मका अत्याधिक महिलाहरुको मृत्युको मुख्य कारण लैङ्गिक हिंसा हो ।
- हरेक उमेर, रंग, जाति, संस्कृति, क्षेत्र, वर्गमा कुनै न कुनै रुपमा विद्यमान प्रथा, परम्परा, सँस्कृतिक, प्रचलनमा विद्यमान  सन्दर्भले पनि महिला माथि नै प्रत्यक्ष वा अप्रत्यक्ष हिंसा गर्ने वा वढावा दिने जुन सुकै समस्या वा अप्ठेरोमा द्धन्द वा युद्धमा समेत पुरुष भन्दा महिलामा फरक तथा नकारात्मक असर बढी हुने ।

## उजुरीको सुनुवाई नहुने

स्वास्थ्य मन्त्रालयले गरेको एक अध्ययनमा “महिला माथि गरिएको हिंसा ठिक कि गलत” भन्ने प्रश्नमा लगभग ३५% महिला र पुरुष दुवैले ठीक भनेको पाईयो ।



हाल सम्म पनि हाम्रो समाजमा महिलाको अवस्था

## लैंगिक हिंसाका प्रभाव वा असर

- ❖ शारीरिक प्रभाव - शारीरिक चोटपटक, शारीरिक कमजोरी, अस्वस्थता, पारिवारिक झै-झगडा, गर्भनिरोध, गर्भपतन, परिवार नियोजन जस्ता अधिकारबाट बन्चित, पिडाजन्य कार्य ।
- ❖ सामाजिक प्रभाव - सुरक्षित मातृत्व तथा प्रजनन अधिकारमा आघात, बोक्सी, दाईजो वा अन्य आरोप स्वीकार्नु पर्ने, विभिन्न सामाजिक कार्यमा संग्लन हुन नचाहने, बालविवाह, बहुविवाह स्वीकार्न बाध्य हुनु पर्ने, पर-निर्भरता बढेर जाने, व्यक्तित्व तथा क्षमता विकासमा कमि हुने, महिलाहरु घर भित्रकै काममा सिमित हुनु पर्ने ।
- ❖ आर्थिक प्रभाव - न्यून आर्थिक जिम्मेवारी, बेरोजगार ।
- ❖ मनोवैज्ञानिक प्रभाव - मानसिक पीडा, अपहेलना, बहिष्कार, एक्लोपना, **हिनताबोध,** आत्म विश्वासमा कमी, आत्म सम्मानमा चोट, धम्कीपूर्ण कार्य तथा व्यवहार, दबाव, करकाप, महिला माथि स्वच्छचारिता ।
- ❖ यौनजन्य प्रभाव - उमेर नपुग्दै यौन क्रियाकलापमा संग्लन, एड्स तथा अन्य यौन रोगको प्रकोप उत्पन्न हुने ।
- ❖ कार्यस्थलमा पर्ने प्रभाव- गैर हाजिर, व्यवसायिकतामा क्षति, मान सम्मानमा कमि आउनु ।



## लैंगिक हिंसा सम्बन्धी घटनाहरु

ज.ज.क.
ज.ज.क.उ.
यौन दुर्व्यवहार
मानव बेचबिखन
बहुबिबाह
बालबिबाह
घरेलु हिंसा
बोक्सीको आरोप





## लैंगिक हिंसाका कारण

पितृसत्तात्मक सोंच

शिक्षामा असमान पहुँच

सचेतनाको अभाव

गरिवी र आर्थिक परनिर्भरता,

रुढिवादी परम्परा तथा अन्धविश्वास

प्राकृतिक स्वरूप (शारीरीक तथा मानसिक अपरिपक्वता )

मनका कुरा अभिव्यक्त गर्न नसक्ने

सजिलै नियन्त्रणमा लिन सकिने

असन्तुलित शक्ति सम्बन्ध महिला र पुरुषप्रतिको फरक फरक सामाजिक मुल्य र मान्यता

आधुनिकिकरण तथा शहरीकरणसंगै जन्मेका विकृतिहरु

प्रभावकारी कानून र कार्यान्वयनको अभाव

सजिलै फकाउंन र प्रभावमा पार्न सकिने

## धनकुटा जिल्लाको लैंगिक हिंसा सम्बन्धी त्रि-बर्षिय अपराध/घट्नाको तालिका

| बिवरण | आ.व. २०७९।०८० | | आ.व. २०८०।०८१ | | आ.व. २०८१।०८२ हालसम्म | |
|---|---|---|---|---|---|---|
| | दर्ता | फर्च्छयौट | दर्ता | फर्च्छयौट | दर्ता | फर्च्छयौट |
| यौनजन्य अपराध(ज.ज.ज.क. र ज.ज.क.उ./बालबिबाह) | १६ | १५ | १३ | १२ | १७ | १५ |
| बहु विवाह | १ | १ | १ | १ | ५ | ५ |
| बालयौन दुरुपयोग | - | - | - | - | १ | १ |
| अन्य सामाजिक अपराध/घट्ना | - | - | - | - | | |
| घरेलु हिंसा (ठाडो निवेदन) | २६ | २६ | १९ | १९ | १७ | १६ |
| अन्य निवेदन | ११ | ११ | ८ | ८ | ७९ | ७८ |

**अन्य सामाजिक अपराध/घटना** बोक्सीको आरोप, छुवाछुत, भेदभाव तथा अपमानजनक व्यवहार, दाईजो प्रथा, छाउपडी प्रथा, कमलरी प्रथा, हरैयाचरैया प्रथा आदी नभएको)

## लैंगिक हिंसा भएमा के गर्ने ?

- कुनै घटना भएमा नजिकको व्यक्तिलाई तत्काले जानकारी गराउने ।
- तुरुन्तै नजिकको प्रहरी कार्यालयमा घटनाको सूचना दिने ।
- प्रहरीको सहयोगमा यथा अवस्थामा स्वास्थ्य परिक्षण गराउने ।
- घटना घटेको बेला लगाएको लुगा तथा अन्य प्रमाणहरु प्रहरी कहाँ बुझाउने ।
- घटनास्थल प्रकृति मुचुल्का तयार गर्न सहयोग गर्ने ।
- कसुरदारलाई पक्राउ गर्न तथा थप प्रमाण खोज्न प्रहरीलाई सहयोग गर्ने ।
- महिला प्रहरी समक्ष वा महिला प्रहरी नभएमा समाजसेवी महिलाको रोहवरमा बयान गर्ने ।

## लैंगिक हिंसा भएमा के नगर्ने ?

- स्वास्थ्य परीक्षण नगरेसम्म नुहाउनु हुँदैन ।
- प्रमाण सुरक्षित राख्नको लागि लगाएको लुगा धुनु हुँदैन ।
- घटनास्थल प्रकृति मुचुल्का  तयार नभएसम्म घटनास्थलको अवस्था बदल्नु हुँदैन ।

## लैंगिक हिंसासंग सम्बन्धित कानूनी व्यवस्था

- मुलूकी अपराध संहिता, २०७४
  - सार्वजनिक हित, स्वास्थ्य सुरक्षा सुविधा र नैतिकता बिरुद्धको कसुर
  - भेदभाव तथा अपमानजनक व्यवहार सम्बन्धि कसुर
  - गर्भपतन सम्बन्धी कसुर
  - करणी सम्बन्धी कसुर
  - बिवाह सम्बन्धी कसुर
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६
- जातिय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२
- वालवालिका सम्बन्धि ऐन,२०७५
- ज्येष्ठ नागरिक सम्बन्धि ऐन, २०६३
- सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन, २०७५
- वैयक्तिक गोपनियता सम्बन्धि ऐन, २०७५
- बाल श्रम (निशेध र नियमित गर्ने) ऐन, २०५६
- मानव बेचविखन तथा ओसार पसार ऐन, २०६४
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४




## मुलुकी अपराध संहिता,२०७४

### बालविवाह

- विवाह गर्ने व्यक्तिको उमेर बीस बर्ष नपुगी कसैले विवह गर्न वा गराउन हुँदैन ।
- गराएमा स्वत: वदर हुने ।
- सजाय:- कसुर गर्ने व्यक्तिलाई ३ वर्ष सम्म कैद र ३ हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

### विवाहमा लेनदेन गर्न नहुने:

- आफ्नो परम्मपरादेखि चली आएको सामान्य उपहार, भेटी दक्षिणा, वा शरिरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुने किसिमको  चल, अचल, दाईजो वा कुनै सम्पत्ति माग गरी बा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन ।

  सजाय:- ३ वर्षसम्म कैद वा तीस हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुने ।
- यसरी नदिएको कारण दुलहीवा निजका नातेदारलाई कुनै पनि किसिमको हैरान पार्न, सताउन वा कुने अमानविय वा अपमानजनक व्यवहार गर्न हुँदैन ।

  कसुर गर्ने व्यक्तिलाई  ५ वर्षसम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।
- कुनै पनि सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

## जीवन चक्रमा हुने लैंगिक हिंसाका केहि उदाहरणहरु

**शिशु अवस्था-** फरक समाजिकरण, केटी शिशु हत्या, संवेदनात्मक तथा शारीरिक हिंसा, खाना तथा स्वास्थ्य सुविधामा विभेद ।

**बाल्य अवस्था-** बालयौन दुर्व्यवहार, खाना, स्वास्थ्य र शिक्षामा भेदभाव, कुपोषण, बाल हिंसा, बालविवाह, बालश्रम ।

**किशोर तथा वयस्क अवस्था-** यौन दुर्व्यवहार, विनामन्जुरी विवाह, बालविवाह, बहुविवाह, दाईजोजन्य हिंसा, मानव बेचबिखन, वेश्यावृती, कुपोषण, मानसिक तथा शारीरिक हिंसा ।

**प्रजनन अवस्था-** बलपूर्वक यौन सम्पर्क, बलपूर्वक गर्भधारण/गर्भपतन, मानसिक यातना, घरेलु हिंसा, अत्यधिक कार्यबोझ ।

**गर्भावस्था-** लिंग पहिचान, गर्भपतन, गर्भवती समयमा कुटपिट, छोरा पाउन मानसिक दबाव / पिडा ।

**वृद्ध अवस्था-** एकल/विधवा महिलालाई दुर्व्यवहार, बोक्सी आरोप, हेरचारमा कमि, जेष्ठ नागरिकलाई दुर्व्यवहार ।

### बहुविवाह

- विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अबस्थामा अर्को विवाह गर्नु हुँदैन । कुनै पुरुष विवाहित हो भनि जानि जानि त्यस्तो पुरुषसँग महिलाले विवाह गर्नु हुँदैन । पति पत्निले कानुन बमोजिम अंशवण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुन: विवाह गर्न सक्नेछ ।

### सजाय

- कसुर गर्ने गराउने व्यक्तिलाई १ बर्ष देखी ५ वर्षसम्म कैद र दश हजार देखी पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।
- विवाह स्वत: वदर हुने ।

### हदम्याद

- थाहा पाएको मितिले ३ महिना नाघेपछि उजुर नलाग्ने ।

## जवर्जस्ती करणी

**कसैले कुनै महिलालाई निजको मनजुरी नलिई करणी गरेमा वा १८ बर्ष भन्दा कम उमेरकी बालिकालाई निजको मनजुरी लिई वा नलिई करणी गरेमा जवर्जस्ती करणी मानिनेछ।**

**सजाय**

- १० बर्ष भन्दा मुनिका बालिका पुर्ण अशक्त, अपांङगता भएको वा सत्तरी वर्षभन्दा बढि उमेरका महिला भए जन्म कैद।
- १० बर्ष वा सो भन्दा बढी १४ बर्ष भन्दा कम उमेरकी बालिका भए १८ बर्ष देखी २० बर्ष
- १४ बर्ष वा सो भन्दा बढी १६ बर्ष भन्दा कम उमेरकी बालिका भए १२ बर्ष देखी १४ बष
- १६ बर्ष वा सो भन्दा बढी १८ बर्ष भन्दा कम उमेरकी महिला भए १० बर्ष देखी १२ बर्ष
- १८ बर्ष वा सो भन्दा बढी उमेरकी महिला भए ७ देखी १० बर्ष
- बैबाहिक जवर्जस्ती करणी गरेमा ५ बर्ष सम्म कैद
- जवर्जस्ती करणी उधोग गरेमा सजायको आधा सजाय हुने।

हदम्याद

- कसुर भएको १ वर्ष भित्र ।

| कसूर | **सजाय** |
|---|---|
| बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनि, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमको यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाँउमा घुमाउने वा कुनै किसिमले त्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने | ५ वर्ष देखि ८ वर्षसम्म कैद र ५० हजार देखि १ लाख रुपैयाँसम्म जरिवाना |
| बोक्सीको आरोपमा अंगभंग गर्ने | प्रचलित कानून बमोजिम हुने सजायमा थप १०% सजाय |
| उद्योग गर्ने, दुरुत्साह दिने वा सो कार्य गर्न मद्दत गर्ने | मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय |

## गर्भपतन गर्न नहुने:-

- कसैले गर्भवती महिलालाई करकाप गरि वा धम्कि दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनु हुँदैन।

सजाय:- १२ हप्ता सम्मको गर्भ भए १ बर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना।
१२ हप्ता भन्दा बढी २५ हप्ता सम्मको भए ३बर्ष कैद र ३० हजार जरिवाना।
२५ हप्ता भन्दा बढीको गर्भ भए ५ बर्षसम्म कैद र ५० हजार जरिवाना।

गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणक लिङ्ग पहिचान गर्ने वा गराउनेलाई ३ महिनादेखि ६ महिना कैद र लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई थप १ बर्ष सम्म कैद।

## लैंगिक हिंसा नियन्त्रणका उपायहरु

- ❖ स्थनीय तह वा सकोकारवाला निकायहरुले लैंगिक हिंसा न्यूनिकरणका कार्यक्रम अभियानको रुपमा संचालन गर्ने।
- ❖ विद्यालय सम्पर्क कार्यक्रम संचालन गर्ने।
- ❖ स्थानीय तहको समन्वयमा समुदाय केन्द्रित कार्यक्रम गर्ने।
- ❖ लैगिक हिंसाजन्य अपराध र सजायको बारेमा जनचेतना अभिवृद्धी गर्ने।
- ❖ सरोकारवाला निकायसँग समन्वय र छलफल गरी संयुक्त रुपमा एकिकृत योजना बनाई अगाडि बढने।
- ❖ लैंगिक हिंसा पिडितलाई एकद्वार सेवा प्रणालीद्वारा सहयोग गर्ने र न्यायको लागि प्रतिवद्ध भएर एकिकृत रुपमा अगाडि बढ्ने र पुनर्स्थापनाको लागि ठोस रुपमा प्रयास गर्ने।
- ❖ लैंगिक हिंसा पिडितसंग निरन्तर सम्पर्क र भेटघाट गर्ने।
- ❖ लैंगिक हिंसाका पिडकलाई कानूनको दायरामा ल्याउन शून्य सहनशिलता नीति अवलम्बन गर्ने।
- ❖ लैंगिक हिंसाका कारक तत्वका रुपमा रहेका सामाजिक र सांस्कृतिक विकृतिहरु प्रतिको अन्धविश्वास हटाउन सचेतनामुलक कार्यक्रम अभियानको रुपमा संचालन गर्ने।
- ❖ पारिवारिक र सामाजिक ईज्जत र प्रतिष्ठासंग जोडिएका गलत मुल्य मान्यता र संस्कार प्रति सकारात्मक सोचको विकास गर्ने।


बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

| **कसूर** | **सजाय** |
|---|---|
| **बोक्सीको आरोप लगाउने** | ६ महिना देखि २ वर्षसम्म कैद र ५ हजार देखि २० हजार रुपैयाँसम्म जरिवाना |
| **बोक्सीको आरोपमा गाली बेइज्यती गर्ने** | १ वर्ष देखि ३ वर्षसम्म कैद र १० हजार देखि ३० हजार रुपैयाँसम्म जरिवाना |
| **बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्य प्रति अपमानजनक व्यवहार गर्ने,** | |
| **बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने** | २ वर्ष देखि ५ वर्षसम्म कैद र २० हजार देखि ५० हजार रुपैयाँसम्म जरिवाना |
| **बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गर्ने** | |
| **धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्धारा बोक्सीको आरोप लगाउने** | ३ वर्ष देखि ७ वर्षसम्म कैद र ३० हजार देखि ७५ हजार रुपैयाँसम्म जरिवाना |

## लैंगिक हिंसाका केहि तस्विरहरु








**अन्त्यमा,**

**लैगिंक हिंसा घटनाहरुको विश्लेषण गरी लैंगिक हिंसा घटनाहरुको अन्त्यको लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरुलाई जिम्मेवार बनाउदै लैंगिक हिंसा हुन नदिन प्रतिवद्दता जनाऔ।**

# धन्यवाद

# जय नेपाल



To Serve & Protect

www.nepalpolice.gov.np | NepalPolicePHQ | NepalPoliceHQ | nepalpolice | praharianurodh

SL-12

# लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि एकिकृत सेवा पहुँच परियोजना

INSTITUTIONALIZING GENDER BASED VIOLENCE RESPONSE IN NEPAL PROJECT (IGBVRN)

## परियोजनाको परिचय र कार्यान्वयनको अवस्था

## परियोजनाको परिचय

परियोजनाको नामः लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना

**Institutionalizing Gender Based Violence & Response in Nepal (IGBVRN)**

आयोजनाको अवधिः ३ वर्ष

१)आयोजना शुरु हुने वर्ष:२०८०/०८१

२)आयोजना समाप्त हुने वर्ष:२०८२/०८३

अनुदान सहयोग : विश्व बैंक (World Bank)

व्यवस्थापन तथा कार्यान्वयन नेतृत्व: म.वा.ज्ये.ना. मन्त्रालय

## आयोजनाको पृष्ठभूमी

- संघियता कार्यान्वयनसंगै सामाजिक सेवा प्रवाह सम्बन्धी कार्यहरु कार्यान्वयन र अनुगमनको अधिकार स्थानीय तहमा
- OCMC को सेवा प्रवाहमा आवस्यक कर्मचारी र सवैको पहुँचको प्रश्न
- लैङ्गिक हिंसाका अभिलेख व्यवस्थापन, केस व्यवस्थापन, कार्यविधि तथा मापदण्ड, अपुर्ण मामला समाधान र लैङ्गिक हिंसा न्यूनीकरण कोषको परिचालनमा समस्या रहेको
- अध्ययनले हिंसाका मामला बढ्दै गएको देखिनु
- स्थानीय तहमा लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्राविधिक तथा व्यवस्थापकीय क्षमतामा सुधारको आवस्यकता

## परियोजना लागु हुने प्रदेश तथा स्थानिय तह

- **कोशी प्रदेश**
  -मेचीनगर नगरपालिका
  -धनकुटा नगरपालिका
  -उर्लावारी नगरपालिका
  -भोटखोला गाँउपालिका
- **लुम्बिनी प्रदेश**
  -रामग्राम नगरपालिका
  -तिलोत्तमा नगरपालिका

प्रदेशानुसार नेपालमा लैङ्गिक हिंसाको अवश्था( *नेपाल प्रहरीको सन २०२२ मा दर्ता भएका घटनाहरुको आधारमा*

| क्र.सं. | हिंसाको प्रकार | जम्मा दर्ता भएको | कोशी प्रदेश | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुर प. प्रदेश | काठमाण्डौ भ्याल्ली | मानव वेचविखन नियन्त्रण विभाग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बलात्कार | २३८० | ५१२ | २८९ | २६५ | २११ | ३८९ | १५७ | २३४ | ३२३ | ०० |
| २ | बलात्कारको प्रयास | ६५५ | १४१ | ९३ | ६९ | ५० | १३० | ४३ | ९२ | ३७ | ०० |
| ३ | बाल यौन दुर्व्यवहार | ३१४ | ९९ | १७ | ४६ | ३७ | ३७ | ११ | १२ | ५५ | ०० |
| ४ | अप्राकृतिक यौन सम्बन्ध | ३१ | ६ | ८ | ३ | ५ | ६ | १ | १ | १ | ०० |
| ५ | अपहरणपछि बलात्कार | ७२ | ५ | ४७ | ३ | ३ | १० | १ | २ | १ | ०० |
| ६ | बलात्कार पछि हत्या | ९ | २ | २ | ० | १ | ० | ३ | १ | ० | ०० |
| ७ | बहु विवाह | ८०९ | १४४ | १२१ | ९३ | ४० | १५७ | ८१ | ८२ | ९१ | ०० |
| ८ | बाल विवाह | ५२ | १० | १० | २ | ५ | ९ | १० | ४ | २ | ०० |
| ९ | घरेलु हिंसा | १७००० | १३३३ | ४४७३ | १५६८ | १४०९ | २८६० | ९८३ | १३१६ | ३०५८ | ०० |
| १० | बोक्सीको आरोप | ४९ | ५ | २८ | ४ | ० | ७ | २ | २ | १ | ०० |
| ११ | मानव बेचविखन | १४५ | १९ | १० | ६ | १२ | ४० | ३ | ९ | २० | २६ |
| १२ | गैरकानूनी गर्भपतन | ३७ | ९ | १६ | १ | ३ | ६ | ० | ० | २ | ०० |
| १३ | छूवाछुत | १५ | ३ | १ | २ | १ | ४ | ० | ३ | १ | ०० |

## पालिका छनौटका आधार

- स्थानीय तहको सामाजिक विकास महाशाखा/शाखा र महिला विकास शाखा/उपशाखाको जनशक्तिको अवस्था
- लैगिंक हिंसाका विषयलाई सम्बोधन गर्न प्रयासरत पालिका
- विश्व बैंकको परियोजना लागु भइरहेका स्थानीय तहहरु
- पालिकाहरुको परियोजना कार्यान्वयनको ईच्छा र भौगोलिक विविधता

## परियोजना विकासका उद्देश्यहरू
*Project Development Objectives (PDO)*

**स्थानीय तहहरुमा महिला र बालिकाहरूको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत तथा बहुपक्षिय सेवामा पहुंच बढाउने ।**

*बहुपक्षिय सेवा भन्नाले यी ५ मध्ये कम्तिमा दुई किसिमका सेवाहरुसम्म पहुच भएको भनेर बुझ्नुपर्दछः*

- *स्वास्थ्य (medical),*
- *मनोसामाजिक (psychosocial) ,*
- *सुरक्षा (security),*
- *कानुनी (legal), र*
- *जीविकोपार्जन समर्थन (livelihood support) ।*

## १. लैङ्गिक हिंसा सम्बोधनका लागि पालिका स्तरमा संस्थागत प्रतिकार्य संयन्त्र निर्माण गरी क्रियाशील बनाउने ।

- लैंगिक हिंसा सम्बोधनका लागि पालिकास्तरमा कार्यान्वयन संयन्त्र निर्माण गर्ने (PIU) गठन।
- पालिकास्तरमा लैंगिक हिंसा निवारणका लागि समन्वयात्मक संयन्त्र (GBV-Platform) को निर्माण गर्ने
- लैंगिक हिसा को घटना व्यवस्थापनको तथ्यांकलाई GBVIMS प्रणालीमा लागु गर्ने ।
- लैंगिक हिंसा निवारणका लागि संस्थागत क्षमताको अभिवृद्धि गर्ने (कार्यविधि, निर्देशिका, संप्रेषण प्रणालीको व्यवस्था) ।

## सँस्थागत संरचना

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
  (निर्देशक समिति र परियोजना व्यवस्थापन ईकाई Steering committee, Project Management Unit )
- विश्व बैंक (परामर्शदाता समूह)
- प्रदेश स्तरिय समन्वय समिति
- परियोजना कार्यान्वयन ईकाई Project Implementation Unit
- GBV Platform (मञ्च)
- PIU को सचिवालय टिम....

## २. लैङ्गिक हिंसा सम्बोधनका लागि गुणस्तरीय र पहुंचयोग्य सेवाको अभिवृद्धि गर्ने ।
*सेवाको गुणस्तरमा सुधार ल्याइ महिला तथा बालिकाहरूको पहुँच वद्धि गर्ने ।*

केहि प्रमुख नमुना अभ्यासहरु गरिने छ-

- सामुदायिक स्वास्थ्यकर्मीहरू तथा स्थानीय महिला अगुवाहरु पहिचान गरी केसवर्करको प्रशिक्षण दिइनेछ (through community response model)
- कम्तिमा १ मोबाइल क्लिनिकहरू सञ्चालन गरिने ।
- पालिकामा कम्तिमा २ सेफ स्पेसहरु (महिला मैत्री स्थल) स्थापना गरिने ।
- पुरुष सञ्जाल गठन र परिचालन
- मनोसामाजिक परामर्श

# परियोजनाको मुख्य क्रियाकलापहरु

## क्षमता अभिवृद्धि कार्यक्रमहरु

- **स्थानीय तहका कर्मचारी**
- **अग्रपंतिमा रहेर पिडितहरुलाई प्राथमिक response दिने टोली (GBV Frontline Worker)**
- **सेवा प्रदायक संस्थाहरु** (महिला अधिकार र/वा GBV मा काम गर्ने गैरसरकारी संस्थाहरू र संरचनाहरू)
- जनप्रतिनिधिहरुको लागि क्षमता अभिवृद्धि तालिम
- समुदायस्तरमा चेतनामूलक कार्यक्रम
- सूचना, शिक्षा तथा सञ्चार **(IEC materials)** प्रयोग
- *Behaviour Change Communication-BCC रणनीतिहरूको निर्माण र विस्तारमा जोड, प्राविधिक सहयोग र विशेस गरी प्रहरी, न्यायिक समिति, मेलमिलापकर्ता, OCMC, कानुनी सेवा प्रदायक आदि जस्ता संयन्त्रहरुको अभ्यासमा थप सहजीकरण गर्न प्रोत्साहान गर्नेछ ।*

# ३. परियोजना व्यवस्थापन

**परियोजना व्यवस्थापन सूचना प्रणाली** (Project **MIS**)

- परियोजना कार्यान्वयन तथ्याङ्क व्यवस्थापन गर्न, प्रगतिको अनुगमन, व्यवस्थापन र जवाफदेहिता उद्देश्यका लागि प्रगति रिपोर्टहरू स्वचालित गर्न एक MIS को व्यवस्था गरिने छ ।

**बेसलाइन र एन्डलाइन सर्भे** *(Baseline and Endline surveys)*

- परियोजना विकासका उद्देश्यहरू (PDO) सूचकहरूको उपलब्धि मापन गर्न बेसलाइन र एन्डलाइन सर्भे सर्वेक्षणहरू सञ्चालन गरिनेछ ।
- परियोजना कार्यान्वयन सम्बद्ध अध्ययन अनुसन्धान, अनुगमन पृष्ठपोषण, अनुभव/ज्ञान व्यवस्थापन,भावी नीति निर्माणमा सहयोग

## आगामी आ.ब. को कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम/ क्रियाकलाप |
|---|---|
| १ | परियोजना कार्यान्वयन इकाई (PIU) द्धारा संचालन गर्ने क्षमता अभिवृद्धि (तालिम, अन्तरक्रिया, अभीमुखीकरण, समिक्षा तथा कार्यशाला गोष्ठी) कार्यक्रम |
| २ | किशोर किशोरीहरुको समग्र विकासका लागि रुपान्तरण कार्यक्रम |
| ३ | जनचेतना अभिबृद्दि कार्यका लागि सञ्चार अभियानहरु (सामाजिक सञ्जाल,टिभी,रेडियो,आई ई सी सामाग्री पोष्टकार्ड अदि) |
| ४ | दिवसीय कार्यक्रम |
| ५ | परियोजना सम्बन्धि अवलोकन भ्रमण |
| ६ | महिला मैत्री स्थल (Safe Space) पहिचान र संचालन |
| ७ | सामुदायिक प्रतिकार्य Community Response Model (CRM) |

## हालसम्मको प्रगति अवस्था

- परियोजनाको प्रस्तावित कार्यक्रमहरुका बारेमा सरोकारवाला संघ/सँस्थाहरुसँग प्रारम्भिक छलफल तथा अन्तरक्रिया भएको ।
- २०८१/५/३० मा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा परियोजना कार्यान्वयन ईकाई (PIU) गठन भई क्रियाशील रहेको ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सचेतनामूलक कार्यक्रम, सडक नाटक र कथाघेरा काठमाण्डौसंगको सहकार्यमा २ ठाउं सृजनात्मक नाटक (Creative Theater) प्रदर्शन गरिएको ।
- अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला सशक्तिकरण सम्बन्धी प्यानल डिस्कसन, रेडियो कार्यक्रम र धनकुटा घोषणा पत्र जारी गरिएको ।

| क्र.सं. | क्रियाकलाप |
|---|---|
| १ | SOP guideline निर्माण तथा अभीमुखीकरण |
| २ | क्षमता विकास तालिम(जनप्रतिनिधि, कर्मचारी, संघ/सँस्था, सञ्जाल तथा समुदायस्तरका समूह/सँस्थाहरु) |
| ३ | पुरुष सञ्जाल सदस्यहरुका लागि क्षमता अभिबृद्दि तालिम |
| ४ | पुरुष सञ्जाल लगायत सरोकारवाला संघ/संस्था सदस्यहरुको बैठक, अन्तरक्रिया, समिक्षा |
| ५ | हिंसा पिडितको उद्धार, सीप विकास र आय आर्जनमा सहयोग |
| ६ | तत्काल आवस्यक हुने तथा PIU ले निर्णय गरी संचालन गर्ने सृजनात्मक क्रियाकलापहरु (Inovative Activities) |
| | अनुगमन, मुल्याङ्कन तथा पृष्ठपोषण |

## हालसम्मको प्रगति अवस्था

- पुरुष सञ्जाल गठन तथा संचालन कार्यविधि नगर कार्यपालिकाको बैठकले पास गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको ।
- ३५ सदस्यीय पुरुष सञ्जाल गठनङ नियुक्ती र तालिम
- जनप्रतिनिधिको क्षमता विकास तालिम
- अग्रपङ्तिमा रहेर काम गर्ने र सामाजिक संघ संस्थाहरुलाई तालिम

